जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ •अंक ६३ •२०८२ साल साउन ६ गते मंगलबार (22 July, Tuesday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## 'जियो-पोलिटिकल प्रयोगशाला' बनाउने खतरा

**टुडे समाचारदाता**

वीरगञ्ज। पर्साको वीरगञ्जस्थित आदर्शनगर चोकमा लगभग एक महिना देखि रेनरेनले सुपरमार्केट संचालनमा आएपछि दुई जना चाइनिजहरु सक्रिय देखिएका छन्। चाइनामा उत्पादित सामान खरिद गर्दा मूल्य १ सय ६० रुपैयाँ मात्र तिर्नु पर्नेमा मार्केट मधेश प्रदेशको वीरगञ्जमा पहिलो हो।

पर्साको मधुवन मथवलका तिलक बहादुर खडकाको नाममा कम्पनी रजिस्टार कार्यालयमा दर्ता भएको रेनरेनले सुपर मार्केट आफूले संचालन गरेको तिलक खड्काले बताए।

भौगोलिक रूपमा भारतसँग जोडिएको वीरगञ्ज क्षेत्र रणनीतिक हिसाबले अतिसंवेदनशील मानिए पनि चिनियाँ व्यापारी तथा पर्यटकीय भिषामा आउनेहरुको लर्को नै चलेको छ।

वीरगञ्जमा संचालित रेनरेनले सुपर मार्केटलाई चिनियाँ नागरिकले संचालन गरेको बारेमा आफू पनि बुझिरहेको पर्सामा प्रहरी उपरीक्षक गौतम मिश्रले बताए।

भारतको सीमावर्ती क्षेत्रमा चीनले पाकिस्तान मार्फत धार्मिक कट्टरपन्थी संगठनहरूसँग पनि समन्वय गरिरहेको आशंका छ। यसले नेपाललाई एउटा 'जियो-पोलिटिकल प्रयोगशाला' बनाउने खतरा बढेको भारतीय मिडियाहरुले विश्लेषण गर्ने गरेका छन्।

# जउमनपा र गुठी संस्थानबीच कर विवाद

## • नगरवासीले दोहोरो कर तिर्नु पर्दैनः मेयर

## • भ्रमपूर्ण कार्यः गुठी

**टुडे समाचारदाता**

जनकपुरधाम। आर्थिक वर्ष २०८२/०८३ को प्रारम्भसँगै मालपोत असुलीको विषयमा जनकपुरधाम उपमहानगरपालिका र गुठी संस्थानबीच विवाद चर्किएको छ।

गुठी रैतान नम्बरी जग्गाको मालपोत समेत संविधान प्रदत्त अधिकार अनुसार जनकपुरधाम उपमहानगरपालिकाले असुल गर्ने दाबी गर्दै मेयर मनोज कुमार साहले कर असुली गर्न २५ वटै वडा कार्यालयलाई निर्देशन दिएका छन्।

चालु आर्थिक वर्षदेखि जनकपुरधाम उपमहानगरपालिकामा कर बुझाउँदा वक्यौता रहेको मालपोत मिनाहा दिने उनले घोषणा गरेका छन्।

रैतान नम्बरी जग्गाको मालपोत दस्तुर नेपालको संविधान, २०७२ को अनुसूची –८ (धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६को उपधारा (१) संग सम्बन्धित स्थानीय तहको अधिकारको सूचीमा उल्लेखित मालपोत कर संकलन गर्ने अधिकार बमोजिम मालपोत कर असुल गर्ने प्रबन्ध मिलाइएको मेयर साहले जनाएका छन्। 'वडा नं.१ देखि वडा नं.२५ सम्मका वडासचिवज्यूहरुलाई स्पष्ट निर्देशन दिइसकिएको छ' उनले भने, शुरुको आर्थिक वर्ष आर्थिक वर्ष २०८२/०८३ को मालपोत कर तिर्न आउँदा पहिलेको बाँकी सम्पूर्ण कर दस्तुर मिनाहा भइ आ.व.२०८२/०८३ को दस्तुर मात्र लाग्ने छ।





घरले चर्चेको क्षेत्रफल बाहेक अन्य खाली जग्गाको समेत मालपोत कर लाग्ने उनले जनाएका छन्।

जनकपुरधाम उपमहानगरपालिकाका कर शाखाका प्रमुख परमेश झाले जनाए अनुसार उपमहानगरपालिकाले एकीकृत सम्पत्ति कर लिने भएकोले मालपोत कर त्यस्ता सम्पत्तिमा लाग्ने छैन। गुठी संस्थानले वार्षिक प्रति कठ्ठा जग्गाको मालपोत कर ३ सय रुपैयाँ लिने गरेको छ। तर जनकपुरधाम उपमहानगरपालिकाले प्रति कठ्ठा जग्गाको मालपोत १ सय ८० रुपैयाँ मात्र लिने गरेको उनले जनाए।

गुठी संस्थान ऐन २०३३ पछि २०७४ सालमा लागु भएको स्थानीय सरकार सञ्चालन ऐनले पनि जग्गाको मालपोत असुलीको अधिकार स्थानीय तहलाई दिएको प्रमुख झाले बताए।

तर गुठी संस्थानले जनकपुरधाम उपमहानगरपालिकाले कानुनको गलत व्याख्या गरी भ्रम फैलाउने कार्य गरेको आरोप लगाएको छ।

गुठी संस्थानको ऐन २०३३ मा गुठी रैतान नम्बरी जग्गा भन्नाले दर्तावालले संस्थानलाई मालपोत बुझाउनु पर्ने जग्गा सम्झनु पर्ने व्यवस्था गरिएको छ।

गुठी संस्थान धनुषाका प्रमुख आनन्द कर्माचार्यले जनाए अनुसार गुठी संस्थान ऐन २०३३ को दफा ३२ मा गुठी रैतान जग्गाको मालपोत सरकारी रैकड जग्गाको जग्गावालले जग्गाको किसिम अनुसार संस्थानमा मालपोत बुझाउनु पर्ने व्यवस्था गरेको बताएका छन्।

सो दफामा गुठी रैतान नम्बरी जग्गामा जग्गावालको हक र हैसियत प्रचलित कानुन बमोजिम सरकारी रैकड जग्गाको जग्गावाल सरहको हुने उल्लेख रहेको उनले बताए।

संविधानको भाग १०को धारा ११६ मा संघीय संचितकोषमा गुठी रकम बाहेकको राजस्व जम्मा हुने र त्यसैगरि संविधानको भाग १६ को धारा २०४ मा प्रदेश संचित कोषको हकमा पनि गुठी रकम बाहेकको राजस्व रहने व्यवस्था गरिएको छ।

गुठी संस्थान जनकपुरधामले वार्षिक २ करोड बढी मालपोत असुल गर्छ। जनकपुरधाम उपमहानगरपालिकाले गुठीको जग्गाबाट मालपोत पाउँदैन।

चालु आर्थिक वर्षदेखि गुठी जग्गाको समेत मालपोत बुझ्ने तयारी गरेको जनकपुरधाम उपमहानगरपालिकाले जग्गाधनीहरुलाई भने ठूलो राहत दिने भएको छ। चालु आर्थिक वर्षलाई नै आधार मानेर जग्गाको मालपोत लिने भएकाले त्यसपछिको सम्पूर्ण वक्यौता मालपोत मिनाहा दिने भएको छ।

जनकपुरधाम उपमनपाले गुठी संस्थानले लिदै आएको मालपोत असुल गर्न थालेपछि मालपोत वक्यौता राखेका जग्गाधनीहरुलाई सोझै फाइदा हुने भएको छ।

जनकपुरधाम उपमहानगरपालिकाले मालपोत असुलीको निर्णय गरे पनि गुठी संस्थानले कानुनी उपचारबाट भए पनि रोक्ने प्रयास गर्ने देखिन्छ। गुठी संस्थानले रैकड जग्गाबाट असुल गर्ने मालपोत रोकिए अन्य कयौं प्रकारको सिफारिस लगायतका कार्यहरु समेत प्रभावित हुनेछ।

साउन महिनामा मालपोत लगायतका करहरु अनिवार्य रुपमा तिर्नुपर्ने व्यवस्था रहेको छ। साउन महिनामा कर नबुझाए अर्को महिनादेखि जरिवानाको प्रावधान छ। त्यसकारण अहिले गुठी संस्थान र उपमहानगरपालिका र वडा कार्यालयहरुमा कर बुझाउनेहरुको भीड लाग्ने गरेको छ।

संविधान प्रदत्त अधिकार अनुसार कर असुली गरिने भएकोले गुठी संस्थानले रोकेर नरोकिने जउमनपाका कर शाखा प्रमुख झाले बताए।









# अनलाइन टिभी पत्रकार संघद्वारा एआई आचारसंहिता जारी



काठमाण्डु । नेपालमा पहिलो पटक आर्टिफिसियल इन्टेलिजेन्स (एआई) सम्बन्धी आचारसंहिता जारी गरिएको छ । अनलाइन टिभी पत्रकार सङ्घले 'अनलाइन टिभी एआई आचारसंहिता २०८२' जारी गरेको हो ।

काठमाडौँमा सोमबार आयोजित आचारसंहिता घोषणा समारोहमा सङ्घका अध्यक्ष जीवन भण्डारीले १२बुँदे आचारसंहिता घोषणा गर्नुभएको हो । उहाँले एआईको दुरुपयोग न्यूनीकरण गर्ने र एआईको प्रयोगलाई सही बाटोतर्फ लैजानका लागि आचारसंहिताको आवश्यकता भएकाले एआई आचारसंहिता जारी गरिएको बताउनुभयो । एआईको प्रयोग अनलाइन टिभीहरुमा बढ्ने सम्भावना अत्यधिक देखिएकाले अनलाइन टिभीकर्मीलाई बेलैमा सचेत र जिम्मेवार बनाउन अनलाइन टिभी एआई आचारसंहिताको आवश्यकता महसुस गरिएको अध्यक्ष भण्डारीले बताउनुभयो ।

सूचना प्रविधि क्षेत्रको अग्रणी संस्था क्यान महासङ्घका वरिष्ठ उपाध्यक्ष चीरञ्जीवी अधिकारीले अनलाइन टिभी एआई आचारसंहिता नै नेपालको पहिलो एआई आचारसंहिता भएको दाबी गर्नुभयो । अनलाइन टिभी पत्रकार सङ्घले एआई आचारसंहिता जारी गरेर अनुकरणीय बाटो देखाएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "यस्तै अभ्यास सबै क्षेत्रमा अत्यावश्यक भइसकेको छ ।"

सङ्घले जारी गरेको आचारसंहितामा प्रस्तावित राष्ट्रिय एआई नीति-२०८१ का मर्म र उद्देश्यलाई मध्यनजर गर्दै एआई आचारसंहिता जारी गरिएको उल्लेख छ । एआईको सहयोगमा बनाइएका सम्पूर्ण सामग्रीको अन्तिम परीक्षण, सम्पादन तथा अनुमोदन मानव जनशक्ति अर्थात सम्पादकबाट नै गरिने र त्यसपछि मात्रै प्रकाशित गरिने आचारसंहिताको पहिलो बुँदामा लेखिएको छ ।

त्यसैगरी एआईद्वारा सिर्जित सामग्रीको जिम्मेवारी सम्बन्धित व्यक्ति, सम्पादक र संस्थाले लिने र एआईको प्रयोग भएको सामग्रीमा यसको स्पष्ट जानकारी दिइने पनि आचार संहितामा उल्लेख गरिएको छ ।

व्यक्तिगत गोपनीयता, चरित्र, अश्लील, संवेदनशील, निजी वा सुरक्षासम्बन्धी सूचना प्रवाह गर्दा प्रचलित कानुनको पालनामा विशेष सावधानी अपनाइने र भ्रम सिर्जना गर्ने, पक्षपातपूर्ण वा झुटा जानकारी प्रवाह गर्ने गरी एआईको प्रयोग नगरिने अनलाइन टिभी पत्रकार सङ्घले प्रतिबद्धता गरेको छ ।

अनलाइन टिभी पत्रकार सङ्घमा आबद्ध सबै अनलाइन टिभी पत्रकारले आचारसंहिता अनिवार्य पालना गर्नुपर्ने र त्यसको अनुगमन सङ्घले आफ्नो तरिकाले गरिरहनेलगायतका विषय आचारसंहितामा लेखिएको सङ्घका वरिष्ठ उपाध्यक्ष सञ्जीव रेग्मीले जानकारी दिनुभयो । इन्टरनेटमा श्रव्यदृश्य पत्रकारिता गर्दै आएका सञ्चारकर्मीको पहिलो र साझा संस्थाको रुपमा रहेको अनलाइन टिभी पत्रकार सङ्घले यसअघि २०७७ सालमा अनलाइन टिभी स्वनियमन निर्देशिका जारी गरेको थियो ।रासस

# जुवातास नियन्त्रणमा सक्रियता बढाउँदै प्रशासन

वीरगञ्ज । यहाँस्थित जिल्ला प्रशासन कार्यालयले जिल्लामा जुवा-तास नियन्त्रणका लागि सक्रियता बढाएको छ ।

गत शनिबार जीतपुर-सिमरा उपमहानगरपालिका-२ जानकी टोलबाट नौ जना जुवाडे पक्राउ परेका छन् । बाराका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले उच्च पदस्थ तथा राजनीतिक पदको आवरणमा जुवातास खेल्नेलाई नियन्त्रण गर्न आवश्यक अभियान सञ्चालन गरिएको बताउनुभयो ।

"जुवातास खेल्नेको अखडाहरु लक्षित गरी खोज्ने कार्य जारी राखेका छौँ", उहाँले भन्नुभयो, " बारा प्रशासनले लागुऔषधको दुर्व्यसनी रोक्न 'ड्रप ड्रग' लाई उत्तिकै प्राथमिकता दिइरहेका छौँ ।" बाराका प्रवक्ता विजयराज पण्डितले जुवातास नियन्त्रणका कदम चाल्दै आइरहेको बताउनुभयो । "प्रहरीले जुवातास नियन्त्रणका लागि सधैँ नै आवश्यक निगरानी गरिराखेको हुन्छ", उहाँले भन्नुभयो, "जुवाडे पक्राउ गर्दा प्रहरीको सक्रियता बढ्यो भन्ने र पक्राउ नपर्दा घट्यो भन्ने हुँदैन ।

हामीले गर्नुपर्ने काम गरिराखेका छौँ ।" प्रवक्ता पण्डितले बारामा जुवातास खेल्ने पेशेवरकै रुपमा रहेको जानकारी दिनुभयो ।

मुलुकी अपराध संहिताको दफा १२५ मा पहिलो पटक जुवा खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा ३० हजारसम्म जरिवानाको व्यवस्था गरिएको छ । दोस्रो पटकमा एक वर्षसम्म कैद वा




प्रजिअ अधिकारीले जुवातास खेल्ने उच्चपदस्थ व्यक्तित्वहरुको खोजी तीव्र बनाइएको बताउनुभयो ।

"जीतपुर सिमरामा पक्राउ पर्ने कुनै राजनीतिक पार्टीका केन्द्रीय सदस्य, विद्यालयका प्रधानाध्यपक, व्यवस्थापन समितिका अध्यक्षलगायत छन् ", उहाँले भन्नुभयो, "तास खेल्ने अखडाहरुको रेकी गरेर पक्राउ गर्ने काम हुँदै आइरहेको छ ।"

जिल्ला प्रहरी कार्यालय ५० हजारसम्म जरिवाना तोकिएको छ । दोस्रो पटक सजाय भुक्तान गरेर पक्राउ परेमा हरेक पटक थप तीन महिनासम्म कैद र १० हजार रुपैयाँसम्म जरिवाना तिर्नुपर्ने व्यवस्थासहित उल्लेख छ ।

जुवा खेल्न प्रयोग भएको साधन र जुवा खालमा प्राप्त सम्पूर्ण चलअचल सम्पत्ति जफत हुने कानुनी व्यवस्था छ । तर, जुवा खेलेको घर वा कोठा वा ठाउँ वा सवारीसाधन भने जफत नहुने उल्लेख छ ।रासस

# आन्तरिक एकतालाई बलियो बनाउन अध्यक्ष ओलीको आग्रह



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले पार्टीको आन्तरिक एकतालाई बलियो बनाएर प्रस्तुत हुन केन्द्रीय सदस्यहरुलाई आग्रह गर्नुभएको छ ।

सोमबारदेखि सुरू भएको एमालेको केन्द्रीय कमिटीको नवौँ बैठकमा अध्यक्षता गर्दै अध्यक्ष ओलीले पार्टीभित्र वैचारिक र नीतिगत रूपमा कुनै विवाद नभएकाले सिङ्गो पार्टी पङ्क्ति एकताबद्ध हुनुपर्नेमा जोड दिनुभयो ।

अध्यक्ष ओलीले पछिल्लो समयमा एमालेको पार्टी सदस्यता एक लाख ३९ हजार (२८ प्रतिशत) ले वृद्धि भई सङ्गठनात्मक रूपमा मजबुद भएको बताउनुभयो । उहाँले पार्टीलाई राष्ट्रिय निर्णायक शक्तिका रूपमा रुपान्तरण गर्न आह्वान गर्नुभएको एमालेका केन्द्रीय प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले जानकारी दिनुभयो ।

अध्यक्ष ओलीले केन्द्रीय सदस्यहरूलाई आफूलाई लागेको कुरा बैठकमा राख्न आग्रह गर्नुभएको र विरोधी तथा अनेक तत्वहरूले एमालेमाथि झुट र अफवाहको शैलीमा आक्रमणको निसाना बनाएकाले एकताबद्ध भएर सामना गर्न आग्रह गर्नुभएको उहाँले जानकारी दिनुभयो ।

"वैचारिक र नीतिगत रूपमा अहिले हाम्रो पार्टी एकढिक्का छ । यहाँ कुनै मतभेद छैन तर हामीलाई विवाद र विभाजन गराउने तत्वका अनेक प्रयास हुन सक्नेतर्फ सचेत भएर लाग्नुपर्छ", अध्यक्ष ओलीले भन्नुभयो, "विरोधीहरूले हामीसँग विचार र काममा प्रतिस्पर्धा गर्न सक्दैनन् । झुटको सहारा लिएर गोयबल्स शैलीमा आरोप लगाउँछन् । एमालेलाई कमजोर देखाउने प्रयास गर्छन् । यस्ता आरोप र चुनौतीको सामना हामीले पहिल्यैदेखि गर्दै आएका छौँ ।

फेरि पनि गर्छौँ ।"

नेता गौतमले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी पार्टीको सक्रिय राजनीतिमा आउने भन्ने सन्दर्भमा उहाँ र पार्टी अध्यक्ष ओलीबीच आइतबार भएको संवाद र उक्त विषयबारे निर्णयमा पुग्नुपर्ने प्रस्ताव पनि बैठकमा आउने अपेक्षा गर्नुभयो ।

प्रचार विभागका प्रमुख गौतमका अनुसार बैठकमा उपाध्यक्ष विष्णुप्रसाद पौडेलले विधान संशोधन प्रस्ताव र महासचिव शङ्कर पोखरेलले सङ्ठगनात्मक प्रतिवेदन प्रस्तुत गर्नुहुने छभने आसन्न विधान महाधिवेशनको व्यवस्थापकीय तयारीका सम्बन्धमा पनि छलफल हुनेछ ।रासस

# काठमाडौँ अदालतमा कानुनी सहायता केन्द्र

काठमाण्डु । जिल्ला अदालत काठमाडौँमा वैतनिक वकिल तथा कानुन सहायता तथा परामर्श केन्द्र स्थापना गरिएको छ । अदालत परिसरमा सोमबार केन्द्रको औपचारिक उद्धाटन गरिएको हो ।

केन्द्रको उद्धाटनपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै काठमाडौँ जिल्ला अदालतका प्रमुख न्यायाधीश कमलप्रसाद पोखरेलले न्यायमा पहुँचका लागि वैतनिक वकिल तथा कानुनी सहायता तथा परामर्श केन्द्रको स्थापना गरिएको बताउनुभयो ।

"न्यायमा पहुँच नपुग्नेका लागि यो निःशुल्क सेवाले पैसा खर्च गर्न र नसक्नेहरूले कानुनी उपचारमा सहभागी हुन पाउने अवस्था आएको छ, यो राम्रो कुरा हो ।"

अदालतमा सुरूदेखि नै एक जना वैतनिक वकिल र एक कानुनी सहायता अधिकृतको व्यवस्था भए पनि आफ्नै कार्यकक्ष गरिएको थिएन । वैतनिक वकिल र कानुनी सहायता अधिकृतलाई भेट्नै मुस्किल परेको भन्ने गुनासो आएपछि अदालतले बिहान १० बजेदेखि साँझ ५



"अशक्तहरूका लागि निःशुल्क रूपमा कानुनी सहायता गर्ने हेतुले अदालतमै कार्यकक्ष उपलब्ध गराएर सेवा सुरू गरिएको हो, अब वैतनिक वकिल नभेटिने अवस्था रहदैन", उहाँले भन्नुभयो, बजेसम्म कम्तीमा एक अधिकृत कार्यकक्षमै रहने गरी कानुनी सहायता केन्द्रको स्थापना गरेको हो ।

आर्थिक विपन्नता, अपाङ्गता, अशक्तता र कानुनी सहायता आवश्यक छ । रासस

# विकेन्द्रीकरण माग गर्दै शिक्षक र विद्यार्थीद्वारा शैक्षिक गतिविधि ठप्प

ललितपुर । ,इञ्जिनियरिङ अध्ययन संस्थानअन्तर्गत सबै आङ्गिक क्याम्पसका कक्षा, प्रयोगशाला तथा शैक्षिक गतिविधिहरू ठप्प भएको १३ दिन बितिसकेको छ । विसं २०८० साउन १ गते स्थगित गरिएको विकेन्द्रीकरण तथा स्वायत्तता पुनःलागू गर्नुपर्ने माग राख्दै विद्यार्थी र शिक्षक एकैसाथ आन्दोलनमा उत्रिएका छन् ।

त्रिभुवन विश्वविद्यालयमार्फत विसं २०५५ मा इञ्जिनियरिङ अध्ययन संस्थानलाई प्रदान गरिएको विकेन्द्रीकरण तथा स्वायत्तता साउन १ गतेको सिनेट बैठकबाट स्थगन गरिएको थियो । सो निर्णयको विरोधमा शिक्षाको गुणस्तर र संस्थाको गरिमा जोगाउने उद्देश्यका साथ शिक्षक तथा विद्यार्थीहरू आन्दोलनरत रहेको आन्दोलनरत पक्षले बताएका छन् ।




इञ्जिनियरिङ अध्ययन संस्थानमा लागू भएको विकेन्द्रीकरण पुनः लागू गरिनुपर्ने माग गर्दै प्राध्यापक सङ्घ पुलचोक क्याम्पसका कोषाध्यक्ष वीरेन्द्रकुमार श्रेष्ठ भन्नुहुन्छ, "हाम्रो धेरै ठूलो माग छैन । विसं २०५५ देखि लागू भएको विकेन्द्रीकरण पुनः लागू भए पठनपाठन तुरुन्त सुरू गर्छौं । स्वायत्तता नभए इन्जिनियरिङ क्याम्पसमा शिक्षाको गुणस्तर र गरिमा जोगाउन सकिँदैन । त्यसैले क्याम्पसको गरिमा र विद्यार्थीको भविष्यको ख्याल गर्दै हामी आन्दोलनमा छौँ ।"

विकेन्द्रीकरण स्थगनसँगै इन्जिनियरिङ अध्ययन संस्थानको गरिमा घट्ने खतरा रहेको र अन्य आङ्गिक क्याम्पस जस्तै स्थितिमा पुग्ने सम्भावना रहेको पुलचोक क्याम्पसका स्ववियु कोषाध्यक्ष अल्वर्ट ढकाल बताउनुहुन्छ । उहाँले भन्नुभयो, "इञ्जिनियरिङ अध्ययन संस्थानको स्वायत्तता त्रिभुवन विश्वविद्यालयले खोसेपछि परीक्षा ढिलो हुन्छ, नतिजा ढिलो प्रकाशित हुन्छ । हामी इञ्जिनियरिङ अध्ययनरत विद्यार्थीहरूको भविष्यमा खेलवाड हुने सम्भावना बढेकाले स्वायत्तता पूर्णरूपमा लागू गरिनुपर्छ भन्ने मागसहित आन्दोलनमा छौँ ।"

विसं २०८० साउन १ गतेको सिनेट बैठकले विकेन्द्रीकरण स्थगन गर्दै एउटा बुँदामा समिति गठन गरी पुनःस्वायत्तता लागू गर्न सकिने उल्लेख गरेको दुई वर्ष बित्दासमेत कुनै समिति गठन नभएको पुलचोक इञ्जिनियरिङ क्याम्पसका सहप्राध्यापक अजयकुमार झाको भनाइ छ । उहाँले भन्नुभयो, "स्वायत्तता स्थगन गरेर क्याम्पसको सम्पूर्ण प्रशासनिक कार्यहरू अव्यवस्थित बनाइएको छ । सिनेटको बैठकले विकेन्द्रीकरण पारित गर्ने बेलामा आयोग बनाएर पुनःस्थापना गर्न सकिने उल्लेख गरेको थियो । सोहीअनुसार आयोग गठन होस् र हाम्रो समस्याको समाधान त्यही आयोगले गरोस् भन्ने हाम्रो माग हो ।"

विकेन्द्रीकरण तथा स्वायत्तता पुनःलागू गर्नुपर्ने माग राख्दै त्रिभुवन विश्वविद्यालयअन्तर्गत इञ्जिनियरिङ अध्ययन संस्थानका पुलचोक इञ्जिनियरिङ क्याम्पस (ललितपुर), थापाथली इञ्जिनियरिङ क्याम्पस, पश्चिमाञ्चल इञ्जिनियरिङ क्याम्पस, पूर्वाञ्चल इञ्जिनियरिङ क्याम्पस र चितवन इञ्जिनियरिङ क्याम्पसका विद्यार्थी र शिक्षकहरू आन्दोलनमा छन् ।

असार १९ गतेदेखि ध्यानाकर्षण पत्र बुझाउने । रासस

# टहराबाटै लागूऔषध कारोबार गर्ने पक्राउ



**टुडे समाचारदाता**

राजविराज । सप्तरीको राजविराज नगरपालिका-७ स्थित मुख्य बजारमा टहराबाट लागूऔषध बिक्री गरिरहेका एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा स्थानीय ५३ वर्षीय नारायणबहादुर कार्की रहेका छन् ।

राज रंगशालामा पूर्वतर्फ दर्शकलाई बस्नका लागि बनाइएको भर्‍याङमुनि जस्ताले छाएको टहराबाट बस्दै आएका कार्कीले त्यहीँबाट लागूऔषध बिक्री गरिरहेको भनि सूचनाका आधारमा खटिएको सप्तरी प्रहरीले लागूऔषध र नगदसहित उनलाई पक्राउ गरेको छ ।

टहरामा राखिएको झोलाबाट स्पास्म प्रोसिभोन प्लस तीन सय ८२ क्याप्सुल, नाइट्राजेपाम आइपी एक सय ४९ र नाइट्राभेट एक सय ५४ क्याप्सुल बरामद भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डीएसपी जितेन्द्रकुमार बस्नेतले बताए ।

उनले टहराबाटै ७९ वटा पोका बनाइएको तीन सय ११ ग्राम गाँजा पनि बरामद भएको बताए । टहराको ओछ्यान मुनिबाट दुई लाख ५० हजार ५ सय १० रुपैयाँ नेपाली र ६ हजार ३ सय ३० भारतीय रुपैयाँ नगद समेत बरामद भएको छ । पक्राउ परेका कार्कीमाथि लागूऔषध मुद्दामा म्याद थप लिई अनुसन्धान भइरहेको सप्तरी प्रहरीले जनाएको छ ।

**ज्योतिष-मार्गदर्शन**
**प्रसिद्ध ज्योतिषगुरु ई बिबेक**

**मेष :** व्यवसायबाट राम्रो फाइदा निकाल्न सकिनेछ ।
**वृष :** स्वास्थ्य राम्रो रहनुका साथै पारिवारिक सद्भाव कायम रहनेछ ।
**मिथुन :** धार्मिक, सामाजिक तथा परोपकारतिर लाग्दा मनमा शान्ति मिल्ला ।
**कर्कट :** आज नयाँ कामको थालनी, हालको पेशामा ठुलो लगानी गर्नु पनि ठीक छैन।
**सिंह :** विद्यार्थीको पढाईमा प्रगति हुन सक्छ ।
**कन्या :** धनको बचत र दीर्घकालिन लगानी हुन सक्छ ।
**तुला :** अनावश्यक यात्रा हुन सक्छ ।
**वृश्चिक :** आज यात्रामा अवरोध र लेनदेनमा घाटा हुन सक्छ ।
**धनु :** आज परिवारमा रमाइलो हुन सक्छ भने प्रेमीको साथ रमाइलो छोटो यात्रा हुनसक्छ।
**मकर :** आज स्वास्थ्यमा त्यति सबल हुँदैन र मनमा उत्साहको कमी हुन सक्छ ।
**कुम्भ:** आज मानसिक प्रशन्नता, मान, प्रतिष्ठा मिल्नेछ ।
**मीन :** आज परिवारमा मतभेद, वादविवाद पर्ने, कार्यमा विलम्बता हुने देखिन्छ ।

**गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी**
**9812005378**

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
**जनकपुरधाम ०४१**

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**रत्न सागर मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



महोत्तरी जिल्लाको मटिहानी-७ स्थित धार्मिक, ऐतिहासिक एवं पौराणिक **लक्ष्मी सागरमा श्रीलक्ष्मीनारायण** भगवान्को साप्ताहिक सन्ध्या आरतीको पाँचौं वार्षिकोत्सवका लागि सिंगारिएको लक्ष्मी सागरको दृश्य । *तस्बिरः रासस*

# ‘संघीयतालाई कमजोर बनाउने खेल भइरहेको छ’



बारा । जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा सिके राउतले देशमा सङ्घीयतालाई कमजोर बनाउने खेल भइरहेको जिकिर गर्नुभएको छ ।

बारा सदरमुकाम कलैयामा सोमबार आयोजित बृहत् पार्टी प्रवेश तथा सभा कार्यक्रममा उहाँले देशमा सङ्घीयता आए पनि विभिन्न प्रकारले कमजोर पार्नका लागि ठूला पार्टी नै लागि आरोप लगाउनुभयो ।

“सङ्घीयता आए पनि प्रदेशमा आफ्नो प्रहरी प्रशासन छैन । सङ्घ सरकारकै मातहतमा कर्मचारी, प्रहरी प्रशासन रहेकाले प्रदेश सरकारले चाहेअनुसार काम गर्न नसक्ने अवस्था छ”, अध्यक्ष राउतले भन्नुभयो,“सङ्घीयताका लागि सरकार र देशका ठूला पार्टीहरूकै राम्रो भूमिका खेद्यन सकेनन् ।”

उहाँले तराई मधेसको हकअधिकारलाई स्थापित गर्न यहाँबाट प्रतिनिधित्व गर्ने सबै दल एकताबद्ध हुनुपर्नेमा उहाँले जोड दिनुभयो । अध्यक्ष डा राउतले संविधान संशोधनको माध्यमबाट तराई मधेसलगायत देशका समस्या सम्बोधन गर्न अपरिहार्य रहेको बताउनुभयो ।

उहाँले सरकारले जनतामा आशा जगाउने गरी आफ्नो भूमिका बढाउनुपर्नेमा जोड दिनुभयो । “नेपाली जनताको आशा र भरोसा गरेका कांग्रेस र एमाले मिलेर सरकार बनेको छ । यसले जनतामा रहेको निरासा हटाउने गरी काम गर्नुपर्छ, तर हालको भूमिका राम्रो नभएका हाम्रो बुझाई छ”, डा राउतले भन्नुभयो ।

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले गठबन्धन सरकार भएको कारण मधेसमा चाहेजस्तो विकास गर्न नसकिएको धारणा राख्नुभयो । विविध समस्याका बाबजुत प्रदेश सरकार मधेसी जनताको विकासको चाहना र अधिकार रक्षाका लागि निरन्तर प्रयास गरिरहेको बताउनुभयो ।

पार्टीका जिल्ला अध्यक्ष शवनाथ पटेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संविधानसभा सदस्य प्रमोद गुप्ता, मधेस प्रदेशसभाका निवर्तमान सदस्य पारस साहलगायत विभिन्न पार्टीका नेता कार्यकर्ता जनमतमा प्रवेश गरेका छन् ।रासस

# पानी नपर्दा महोत्तरीका किसान चिन्तित

जलेश्वर । लामो समयदेखि पानी नपर्दा धान रोपाइँ गर्न नपाएपछि यहाँका किसान चिन्तित छन् । साउनको पहिलो साता बित्नै लाग्दासमेत जिल्लामा २५ प्रतिशत मात्रै रोपाइँ भएको छ ।

१० नगरपालिका र ५ गाउँपालिका रहेको महोत्तरीमा कूल ७१ हजार ५७० हेक्टर खेतीयोग्य जग्गा मध्ये ६४ हजार ९७७ हेक्टर जग्गामा खेती हुँदै आएको छ । त्यसमध्ये यसवर्ष ४० हजार हेक्टरमा धानखेती हुने अनुमान गरिएको कृषि ज्ञान केन्द्र महोत्तरीका प्रमुख देवानन्दराय यादवले बताउनुभयो । उहाँका साउन १५गतेसम्म जिल्लामा पानी परेन भने किसानले खेतमा लगाएको धानका बेर्ना बुढो हुने भएकाले नसप्रिने र अपेक्षाअनुसार उत्पादन नहुने बताउनुभयो ।

उहाँले भदैया, हर्दिनाथलगायतका धानका जातको २५ दिनसम्मको बेर्नाले रोपाइँ भएमा राम्रो हुने बताउनुभयो ।

सोना मनसुली, बासमतिलगायतका धानका जातका ४० दिनसम्मको बेर्ना रोपाईँ गर्दा उत्पादन राम्रो हुने बताउनुभयो । जिल्लामा दुवै थरिका धानका बेर्नाहरु ४० दिनभन्दा बढीका भइसकेको



अनुसार जिल्लाको उत्तरी पश्चिमी क्षेत्रका किसानले मोटर, डिजेल पम्प, नदीनाला, इनार, कुवार स्यालो, ट्र्युववेलको सहयोगमा २५ प्रतिशत रोपाइँ गर्न सफल भए जिल्ला भरि रोपाइँको अवस्था सन्तोषजनक नरहेको बताउनुभयो ।

जिल्लामा सतह सिँचाइको व्यवस्था नरहेको कारण बर्सेनि धान रोपाइँको बेला समस्या हुने गरेको र किसानहरुले समयमा धानबाली लगाउन नसकेको कार्यालय प्रमुख यादवले बताउनुभयो । उहाँले जिल्लामा अहिले समग्रमा मात्र २५ प्रतिशत रोपाइँ भएकोमा सबैभन्दा बढी सोनमा गाउँपालिकामा ४० प्रतिशत र सबैभन्दा कम मनराशिस्वा नगरपालिकामा १० प्रतिशत रोपाइँ भएको जानकारी दिनुभयो ।

कार्यालय प्रमुख यादवले अवस्थामा अझै पानी नपर्दा किसान चिन्तित भएका हुन् ।

गतवर्ष जिल्लाको कूल ४२ हजार पाँच सय हेक्टर जग्गामा धानखेती गरिएकामा एक लाख ५० हजार ८०० मेट्रिकटन धान उत्पादन भएको थियो । तर यसवर्ष अझै १५ दिनसम्म पानी नपरेमा जिल्लामा धान उत्पादन घट्ने अनुमान कृषि ज्ञान केन्द्रको छ ।

पानी नपर्दा किसानको धानका ब्याड सुक्न थालेको छभने फाटफुट रुपमा किसानले रोपेको खेतको रोपोमा धाँजा फाट्न थालेको जलेश्वर नगरपालिका-८ का किसान रामआश्रे मण्डलले बताउनुभयो । पानी पर्ना साथ रोपाइँ गर्ने आशामा रहेको जलेश्वर नगरपालिका-११ का किसान महेन्द्र साहले बताउनुभयो ।रासस

# नेपाललाई सांस्कृतिक अध्ययनको सङ्ग्रहालयको रूपमा विकास गर्नुपर्छ : मन्त्री पाण्डे

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले नेपाल विविध जातजाति, भाषा, भेषभूषा, परम्परा र संस्कारले भरिएको देश भएकाले यसलाई सांस्कृतिक अध्ययनको अद्वितीय सङ्ग्रहालयको विकास गर्नुपर्ने बताउनुभएको छ ।

गायक अरुण थापामगरको २६औँ स्मृति दिवसको अवसरमा नेपाल मगर विद्यार्थी सङ्घ केन्द्रीय समितिले सोमबार ‘स्रष्टा सम्मान तथा बृहत सांस्कृतिक कार्यक्रम’मा मन्त्री पाण्डेले नेपाल आफैँमा जीवित सांस्कृतिक सङ्ग्रहालय रहेको उल्लेख गर्दै यसको संरक्षण र प्रवर्द्धन पनि हाम्रै दायित्व भएको बताउनुभयो । समुदायस्तरमा सञ्चालन हुने यस्ता सांस्कृतिक कार्यक्रमले नेपालीपनको भावनालाई थप सुदृढ बनाउने उहाँले धारणा व्यक्त गर्नुभयो ।

सङ्घका केन्द्रीय अध्यक्ष चन्द्रबहादुर थापाले मगर समुदायको सांस्कृतिक चेतना अभिवृद्धिमा सङ्घ क्रियाशील रहँदै आएको जानकारी दिनुभयो ।रासस

# पार्टीको बारेमा बुझाउन पुस्तकालयको भूमिका महत्वपूर्ण हुनेछ : सभापति देउवा

पाटन । नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले महामन्त्री गगन थापाले पुस्तकालय व्यवस्थापन गरेर अत्यन्तै राम्रो काम गरेको बताउनुभएको छ ।

नेपाली कांग्रेसको पुस्तकालय तथा पार्टी अध्ययन स्रोत केन्द्र विभागद्वारा पुस्तकालय स्थापना र सहयोगी दाताहरुलाई सम्मान कार्यक्रममा सभापति देउवाले प्रतिस्पर्धी पार्टीहरुको भन्दा नेपाली कांग्रेसको सिद्धान्त राम्रो भएको उल्लेख गर्दै आमजनमानसमा बुझाउन पुस्तकालयको महत्त्वपूर्ण भूमिका हुने धारणा राख्नुभयो ।

“मैले त तल्लो तलामै राखौँ भनेको हो, माथि राख्नुभयो, तर पनि राम्रो छ, धेरै बहुमूल्य किताब छन्, उसै त कांग्रेसीहरु पढ्दैपढ्दैनन् भन्ने छ, यहाँबाट साथीहरूले आजको जमानामा पार्टीको सिद्धान्त, आदर्श राम्रो छ भन्ने थाहा पाउँछन्, व्यापक बुझाउनु छ, मिडियालगायतका सम्पूर्ण साथीहरूमा बुझाउन सकियो भने सबैभन्दा पुरानो पार्टीले बहुमत ल्याउन सक्छ, सिद्धान्त र आदर्श धेरै महत्त्वपूर्ण र राम्रो छ,” उहाँले भन्नुभयो ।

सभापति देउवाले पुस्तकालय सञ्चालन र व्यवस्थापनले पार्टीलाई ऊर्जा मिल्ने धारणा राख्नुभयो । उपसभापति धनराज गुरुङले अध्ययनले ज्ञानको अभिवृद्धि हुने भएकाले अध्ययन बिना द्वन्द्व, झगडा र विनाशको शृङ्खला बढ्ने बताउनुभयो । उहाँले अध्ययनको कमीले गर्दा नेपाली राजनीतिमा ज्ञानको शृङ्खला घट्दै गएको र कांग्रेसले पुस्तकालय निर्माण गरेर यसलाई चिर्ने प्रयास गरेको बताउनुभयो ।

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले पछिल्लो समय पार्टी




विभागको काम गर्ने तरिका बदलिएको बताउनुभयो ।

पार्टीका विभाग सक्रिय भएका छन्, पार्टीको केन्द्रीय कार्यालय परिसर ज्ञानको मन्थनको केन्द्र हुनुपर्छ, ज्ञानको उत्पादनलाई परिणामसँग कसरी जोड्ने भनेर ध्यान दिएका छौँ, पुस्तकमाथि छलफल गर्ने हामीमाथिको प्रश्न र चुनौतीलाई चिर्न सक्नुपर्नेछ, पुराना कुरा इतिहासको संरक्षण गर्दै नयाँ समाजका नयाँ कुरालाई सिक्न र ग्रहण गर्न तत्पर छौँ”, उहाँले भन्नुभयो ।

उहाँले आकर्षक पुस्तकालय निर्माण गर्न रु ६० लाख उपलब्ध गराउने प्रतिबद्धता जनाउने व्यक्ति सम्पर्कमा नआएकाले यसका बाबजुद पनि रु एक करोडको कोष जम्मा भएको बताउनुभयो । उहाँले पार्टीको स्रोत र साहित्य सिर्जनाका कुराहरुमा काम गर्ने समेत विभागको काम रहेको भएकाले पार्टीमा योगदान गर्नेहरूको ग्रन्थ समेत प्रकाशन गर्ने सोच रहेको बताउनुभयो ।

**सभापति देउवाले पुस्तकालय सञ्चालन र व्यवस्थापनले पार्टीलाई ऊर्जा मिल्ने धारणा राख्नुभयो । उपसभापति धनराज गुरुङले अध्ययनले ज्ञानको अभिवृद्धि हुने भएकाले अध्ययन बिना द्वन्द्व, झगडा र विनाशको शृख्ला बढ्ने बताउनुभयो ।**

पार्टीका सहमहामन्त्री महालक्ष्मी उपाध्याय (डिना)ले पुस्तकालयलाई व्यवस्थित बनाउँदै पार्टीको विचार, आस्था र सिद्धान्तलाई परिस्कृत बनाउँदै नेपालको विभिन्न आन्दोलनमा नेपाली कांग्रेसले पुऱ्याएको योगदान हरेक नेपालीसम्म पुऱ्याउँदै सकारात्मक सन्देश दिन ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

पार्टीका सहमहामन्त्री भीष्मराज आङ्देम्बेले नेपाली कांग्रेसले सबैलाई आफ्नो विचारमा सशक्त बनाउन पुस्तकालय तथा स्रोत केन्द्रमार्फत प्रभावकारी भूमिका खेल्न सक्ने बताउनुभयो ।

पार्टी कोषाध्यक्ष उमेश श्रेष्ठले प्रबुद्ध व्यक्तिहरुलाई पार्टी कार्यालयमा बोलाएर बहसको शृङ्खला चलाएर गतिशील बनाइरहेको बताउँदै संस्थागत कोष अभिवृद्धिमा जोड दिनुभयो । उहाँले पार्टी कार्यालयलाई बहसको थलो बनाएर राम्रो र सकारात्मक कुराहरुको प्रवर्द्धन गर्न आवश्यक भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाउनुभयो ।

पुस्तकालय तथा पार्टी अध्ययन स्रोत केन्द्र विभागका प्रमुख एवं केन्द्रीय सदस्य अजयबाबु सिवाकोटीले २०८१ साल साउन २२ गते विभाग गठन भई काम अगाडि बढेको बताउँदै नेपाली कांग्रेस मतदाता र शुभेच्छुकको बलमा सञ्चालन भएको बताउनुभयो ।

कार्यक्रममा सभापति देउवाले ग्रीनसिटी अस्पतालका अध्यक्ष लोकबहादुर टण्डनले प्रकाशन गर्नुभएको पुस्तक विमोचन गर्नुभएको थियो । उहाँले पुस्तकालय सञ्चालनमा योगदान पुऱ्याउने प्रताप पौडेल, युवराज पाण्डे, शङ्कर तिवारी, मनोजमणि आचार्य, रागभ आचार्य, दिलबहादुर महर्जनलगायतलाई सम्मान गर्नुभएको थियो ।रासस

# ‘दबाब र प्रभावमा फरार प्रतिवादी उम्कन सक्दैनन्’

वीरगञ्ज । जिल्ला प्रहरी कार्यालय पर्साले गत आर्थिक वर्षमा एक हजार पाँच सय एघार जना फरार प्रतिवादी पक्राउ गरेको छ ।

गत आव २०८१/८२ मा लक्ष्यको दोब्बरभन्दा धेरै फरार प्रतिवादी पक्राउ गरेर कानुनी दायरामा ल्याएको कार्यालयका प्रमुख गौतम मिश्रले जानकारी दिनुभयो ।

उहाँले गत आर्थिक वर्षमा विभिन्न अदालतमा मुद्दा दर्ता भई नेपाल तथा भारतको विभिन्न स्थानमा लुकिछिपी बसेर फरार रहेका तथा अदालतबाट अपराध ठहर भए पनि पक्राउ नपरेका प्रतिवादीलाई धमाधम पक्राउ गरेको जानकारी दिनुभयो । “ गत आर्थिक वर्षमा हामीले करिब



छ सय भन्दा धेरै फरार प्रतिवादी पक्राउ गर्ने लक्ष्य राखेका थियौँ,” उहाँले भन्नुभयो,“हामीले फरार भएका तथा अदालतबाट अपराध ठहर भएका प्रतिवादी पक्राउ नहुँदा पीडितले वास्तविक न्याय प्राप्त नहुने र न्याय मर्ने भन्दै विशेष अभियान चलाएसँगै सो सङ्ख्यामा रहेका फरार प्रतिवादी पक्राउ गर्न सकेका हौँ ।”

प्रहरी प्रमुख मिश्रले फरार प्रतिवादी पक्राउ नपर्दा समाजमा अराजकता तथा नैराश्यता छाउने प्रहरीले उच्च प्राथमिकता राखेर पक्राउ गरेको बताउनुभयो । पर्सा प्रहरीले विगत १२ वर्षदेखि फरार प्रतिवादी पक्राउ गरेर अदालतको फैसलासमेत कार्यान्वयनमा ल्याएको हो ।

“पक्राउ परेका सबै खालका प्रतिवादी एकमुष्टमा ७३ वर्ष दुई महिना कैद सजाय भोग्नेछन्,”उहाँले भन्नुभयो,“ अदालतले आर्थिक जरिवाना गरेका फरार प्रतिवादीबाट रु तीन करोड ५५ लाख १२ हजार नौ सय ५६ जरिवानासमेत असुलउपर गरेका छौँ ।

” पर्सा प्रहरी प्रमुख मिश्रले अब जिल्लामा कुनै बाहानामा फैसलाको दबाब र प्रभावमा फरार प्रतिवादीहरु उम्कन नसक्ने पनि दाबी गर्नुभयो ।रासस

# नेपाल प्रहरीका ११ एसपी एसएसपीमा बढुवा सिफारिस

काठमाण्डु । नेपाल प्रहरीका ११ प्रहरी उपरीक्षक (एसपी)लाई प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) पदमा बढुवा सिफारिस गरिएको छ ।

गृह मन्त्रालय, बढुवा समिति सचिवालयको सोमबार बसेको बैठकले जनपद प्रहरी समूहतर्फका ११ एसपीलाई एसएसपीमा बढुवा सिफारिस गरिएको हो । बढुवा सिफारिस हुनेमा तुलबहादुर कार्की, राकेश सिंह, कमल थापा, दयानिधी ज्ञवाली, दीपक पोखरेल, प्रवीण धिताल, राजीव बस्नेत, दीपेन्द्र शाही, प्रकाश रानाभाट, केदार खनाल र ज्ञानेन्द्रप्रसाद फुयाल हुनुहुन्छ ।

उहाँहरूलाई प्रहरी नियमावली, २०७१ को नियम (२७) को उपनियम (४) अनुसार बढुवा सिफारिस गरिएको बढुवा समितिका सदस्य-सचिव, प्रहरी अतिरिक्त महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिनुभयो ।रासस

**शैक्षिक सत्र २०८२/८३ मा डिप्लोमा इन इन्जिनियरीङ्ग तथा प्रि-डिप्लोमा इन इन्जिनियरीङ्ग तहको पूर्ण शुल्कीय तर्फको लागि इलष्लिभ आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**


प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट संचालन गरिने **डिप्लोमा इन इन्जिनियरीङ्ग तथा प्रि-डिप्लोमा इन इन्जिनियरीङ्ग** तहका शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०८२/०८३ मा परिषद्बाट संचालन सम्बन्धन/स्वीकृती पाएका नीजि स्तरमा संचालित शिक्षालयहरुले परिषद् परीक्षा नियन्त्रण कार्यालयद्वारा जारी गरिएको “डिप्लोमा तथा प्रि-डिप्लोमा भर्ना सम्बन्धी निर्देशिका २०८२” बमोजिम पुर्ण शुल्कीय तर्फ डिप्लोमा इन इन्जिनियरीङ्ग (Diplome in Electrical Enginneering, Diploma in Computer Engineering, Diploma in Electrical & Electronics Engineering and Diploma in Civil Engineering) तथा प्रि-डिप्लोमा इन इन्जिनियरीङ्ग कार्यक्रमहरुमा विद्यार्थी छनौट गर्न SEE उत्तिर्ण विद्यार्थीहरुबाट तल उल्लेखित अनुसार रितपूर्वक Online आवेदन आवेदन फाराम भर्नु भराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

(१) Online आवेदन फाराम शुल्क : रु. १०००।- (**डिप्लोमा**), रु. ५००।- (**प्रि-डिप्लोमा**)

(२) Online आवेदन फाराम भर्ने अन्तिम मिति : २०८२ श्रावण ११ गते आईतवार सम्म ।

**द्रष्टब्यः** Online आवेदन फाराम भर्न सोधपुछको लागि तल उल्लेखित स्थान वा सम्पर्क नं. मा सम्पर्क गर्नहुन अनुरोध छ ।

**मध्यमाञ्चल रिजनल इन्जिनियरीङ्ग कलेज**
**भ्याली कलेज अफ इन्जिनियरीङ्ग**
दशरथनगर, रामानन्द चौक, जनकपुर-८, धनुषा
सम्पर्क नं. ९८२४८०८०८१, ९८५४०२६५५५, ०४१५२१९९१



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

## प्रम ओलीको भारत भ्रमण

प्रधानमन्त्री केपी शर्मा ओली भारतीय समकक्षी नरेन्द्र मोदीको निमन्त्रणामा भदौँको अन्तिम हप्ता भारत भ्रमणमा जान लागेका छन् । पछिल्लो पटक प्रधानमन्त्री भएदेखि ओली छिमेकी राष्ट्र भारतको भ्रमणमा गएका छैनन् । धेरै समानता भएको नेपाल र भारतबीचको सम्बन्ध त्रेताकालीन रहेको बताइन्छ । नेपालमा रहेको मिथिलाको राजधानी जनकपुरधाम र भारतको उत्तरप्रदेशमा रहेको भगवान रामको अयोध्याबीच त्रेता युगमा नै वैवाहिक सम्बन्ध स्थापित भएको थियो । नेपाल भारतको असल छिमेकी मित्र हो । भारतले पनि नेपालको विभिन्न क्षेत्र, प्राकृतिक प्रकोप लगायतमा सहयोग गर्दै आएको छ । नेपाल र भारतमा भएको स्वतन्त्रताको आन्दोलनमा समेत एकअर्कालाई सहयोग गरिएको घनिष्ट सम्बन्ध रहि आएको छ । कतिपय बेला राजनीतिक उतार चढावको कारण सम्बन्ध चिसिए पनि फेरि कुटनीतिक पहलबाट समाधान गरिएको देखिन्छ । नेपालको चलन अनुसार यहाँका प्रधानमन्त्री पहिले भारत भ्रमणमा जाने गरेका थिए । त्यसपछि अन्य मुलुकको भ्रमण हुन्थ्यो । तर केही वर्ष यता यो क्रम भंग भएको छ । नेपालका प्रधानमन्त्री पहिले चीनको भ्रमणलाई प्राथमिकता दिन थालेका छन् । त्यसपछि अन्य मुलुकको भ्रमण पनि गरिन्छ । तर भारतको भ्रमण नभएसम्म दुई देशबीचको सम्बन्ध सुमधुर नरहेको अनुमान राजनीतिक वृत्तमा लगाइन्छ । विगतमा पनि ओली प्रधानमन्त्री हुँदा भारतको भ्रमण गरेका हुन् । दुई समकक्षी ओली र मोदीले कयौं महत्वपूर्ण सम्झौताहरु समेत गरेका छन् । केही योजनाहरुको संयुक्त रुपमा उद्घाटन पनि गरेका छन् । नेपाल र भारतबीचको सम्बन्धमा कुनै गडबडी देखिएको छैन । भारतीय हित विपरीत नेपालमा कुनै गतिविधि गरिदैन । गरिनु पनि हुँदैन । दुई देशबीचको परस्परको सहयोग र सद्भावलाई प्रधानमन्त्री ओलीको भारत भ्रमणले थप बलियो बनाउने छ । नेपाल र भारतबीच कयौं ठूल्ठूला आयोजनाहरुमा संयुक्त रुपमा कार्य गर्ने सम्भावना छ । हाइड्रोपावर लगायतका क्षेत्रमा भारतीय लगानी महत्वपूर्ण भइरहेको छ । नेपालमा उत्पादन हुने वस्तु, बिजुली, कृषिजन्य उत्पादन, जडिबुटी लगायतको भारत एक्लै विशाल बजार रहेको छ । भारतले नेपालको विकासमा टेवा पुऱ्याउँदै आएको छ । दुई समकक्षीबीच हुने भेंटमा परस्परहितका थप सहमति र सम्झौताहरु हुने सम्भावना छ । भारतको भ्रमण गर्नु नेपालका प्रधानमन्त्रीका लागि राजनीतिक विषय एउटा रहेपनि अर्को पनि कतिपय विषयहरु जनजिविका, सुरक्षा, विकाससित जोडिएका छन् । नेपालका प्रधानमन्त्रीको भारत भ्रमणबाट दुई देशबीचको सम्बन्धमा अझ सुधार हुनेछ । नेपाल र भारतबीचको प्राचीन सम्बन्धलाई आधुनिकतासित जोड्दै अगाडि बढ्न सके दुवै देशको हित हुनेछ । नेपाल पूर्ण रुपमा शान्तिको पक्षधर हो । नेपाल र भारतबीचको सम्बन्धलाई आधुनिक उचाईमा पुऱ्याउने छ ।

# एमालेको वर्तमान अन्तर्विरोध बारे



**रोशन जनकपुरी**

०७२ सालमा एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्रीमा निर्वाचित भएपछि श्रीमति विद्यादेवी भण्डारी राष्ट्रपति भएकी थिइन् । त्यतिबेला उनी एमालेमा उपाध्यक्ष थिइन्, र पार्टीभित्र बलियो गुटको नेतृत्व गरिरहेकी थिइन । त्यतिबेला उनको चाहना महाधिवेशनबाट पार्टी अध्यक्ष बन्नु रहेको उनको गुटगत सक्रियताले प्रष्ट नै देखिन्थ्यो । परिस्थितिले उनलाई राष्ट्रपतिको कुर्सीमा विराजमान गरायो । एमालेमा माधव कुमार नेपाल, झलनाथ खनाल र वामदेव गौतम जस्ता पुराना पुस्ताका नेताहरु विविध कारणवश पन्छाइएपछि एमाले अध्यक्ष ओलीको सशक्त प्रतिस्पर्द्धि श्रीमति भण्डारी देखिन थालेकी थिइन् । तत्कालीन एमालेका वरिष्ठ नेताहरु नेपाल, खनाल र गौतम, यसै पन्छाईपछि अन्ततः पार्टीबाट बाहिरिए र अचेल नेकपा (एकीकृत समाजवादी) गठन गरेर नयाँ किसिमले आफूलाई उभ्याउने प्रयत्न गरिरहेका छन् ।

ओली र श्रीमति भण्डारीको राजनीतिक निकटताको दृष्टिले एमालेको परम्परागत राजनीतिमा दुबै एउटै गुटमा रहिआएका छन् । यस्तोमा, श्रीमति भण्डारीलाई एमालेले राष्ट्रपति पदको कुर्सीसम्म पुऱ्याएर अध्यक्ष ओलीले पार्टीभित्र विद्यमान आफ्नो सबैभन्दा सशक्त प्रतिस्पर्द्धिलाई 'सफ्ट' शैलीमा किनारा लगाएको चर्चा त्यति बेलापनि उठेकै हो । श्रीमति भण्डारीको पहिलो कार्यकाल सकिएपछि एमाले भित्र राष्ट्रपति पदको निम्ति झलनाथ खनाल र सुभाष नेम्बाङ्गको नाम जोडतोडले उठेपनि अध्यक्ष ओलीले दोस्रो पटकपनि उनलाई नै राष्ट्रपतिको पदमा कायम राख्नमा सफल हुनुमा उनको यही नियत कायम गरिरहेको थियो होला भनेर सहजै अनुमान गर्न सकिन्छ । यद्यपि एउटा सत्य के पनि हो भने श्रीमति भण्डारी राष्ट्रपति पदमा रहेरपनि पार्टी राजनीतिमा कहिल्यै निष्क्रिय रहिनन् । उनले आफ्नो गुट शीतल निवासबाटै सञ्चालन गर्दै आएको चर्चापनि मिडिया मार्फत सुनिँदै आएको तथ्य हो । उनले एकातिर प्रधानमन्त्री पदमा विराजमान अध्यक्ष ओलीले इच्छा अनुसार विवादास्पद् रुपमा संसद विघटनको प्रस्तावमा दस्तखत गर्न आनाकानी गरिनन्, भने अर्कोतिर मन्त्रीमण्डलमा र राजनीतिक नियुक्तिहरुमा आफ्नो गुटको हिस्सेदारीको निम्ति प्रम ओलीमाथी दबाब दिनबाट पनि पछि परेनन् भन्ने कुरा तत्कालीन मिडियाहरुबाट प्रष्ट बुझिन्छ ।

राष्ट्रपतिको पदमा पुगेपछि श्रीमति भण्डारीले पूर्व राष्ट्रपतिको गरिमा र मर्यादामा बसेर राजनीतिक अवकाशको जीवन बिताउने अपेक्षा एमाले अध्यक्ष र प्रधानमन्त्री ओलीले गरेका थिए । यसै अपेक्षा अनुरुप श्रीमति भण्डारीलाई उनले राष्ट्रपति पदसम्म पुऱ्याएको हुनसक्छ । तर राष्ट्रपटिको पदबाट मुक्त भएपछि श्रीमति भण्डारी एमाले राजनीतिमा जसरी सक्रिय हुँदै छिन्, त्यसले अध्यक्ष ओलीको निष्कण्टक वर्चस्वमा अवरोध सृजना गरेको देखिन्छ । श्रीमति भण्डारी राष्ट्रपतिको रुपमा शीतलनिवास छिरेपछि उनको गुट प्रत्यक्षरुपमा प्रायः मौन जस्तै देखिएको थियो । तर उनको पार्टी राजनीतिमा सक्रिय हुनुसँगै उनको गुट खुलेर नै ओली विरोधी मोर्चाबन्दी गरिरहेको देखिन्छ । यसले एमालेभित्र ओलीपक्षधर र विरोधी दुई खेमा बिच शक्तिसंघर्ष क्रमशः तिव्र हुँदैगएको देखिन्छ ।

ओलीखेमा ओलीको वचनहरुलाई पछ्याउँदै, पूर्वराष्ट्रपति भएपछि पार्टी राजनीतिमा सक्रिय हुनु राजनीतिक रुपमा नैतिक नह्ने, र राष्ट्रपति हुने बेला पार्टी सदस्यता स्वेच्छाले परित्याग गरिसकेपछि सदस्यता नवीकरण हुननसक्ने र त्यसैले नयाँ पार्टी सदस्यता लिएर शुरु कमिटीदेखि नै आउनुपर्ने भनेर मूख्यतः दुईवटा तर्क गरिरहेका छन् । यसरी ओली पक्षधरहरुले श्रीमति भण्डारीलाई नेतृत्वसम्म पुग्नबाट शुरु मै रोक्न चाहन्छन् भन्ने प्रष्ट बुझिन्छ । यसै आधारमा ओलीपक्षका उच्च नेतृत्वहरु श्रीमति भण्डारीको सदस्यता नवीकरणको विषय हाल बहसमा र थाती रहेको भनिरहेका छन् ।

अर्कोतर्फ, श्रीमति भण्डारीका पक्षधरहरुले पार्टी विधान अनुसार विशेष कार्यमा पठाइने उद्देश्यले त्याग गरिएको वा गराइएको पार्टी सदस्यता स्थगन मात्र हुने भएकोले श्रीमति भण्डारीको पार्टी सदस्यता नवीकरण पार्टी विधान अनुसार नै हुने तर्क गरिरहेका छन् । सम्विधानमा यस बारे कुनै अवरोध नै छैन ।

श्रीमति भण्डारीले पूर्व राष्ट्रपतिको रुपमा राज्यबाट पाउने सेवा र सुविधा सबै परित्याग गरेर आफू पार्टी राजनीतिमा सक्रिय हुने दृढ निश्चयको संकेत दिइसकेकी छिन् । अझ पार्टी राजनीतिमा सामान्य होइन, अध्यक्ष पद नै आफ्नो निशानामा रहेको उनले पटक पटक भनिसकेकी छिन् । पार्टी अध्यक्ष ओलीको बाचुन्जेल पार्टी अध्यक्ष रहन चाहने महत्कांक्षामा श्रीमति भण्डारी र उनको पक्षले खडा गर्ने संकट यो नै हो । ओली बिनाको एमाले बारे सोच्नेहरुलाई पार्टी विरोधीको चित्रित गर्ने गरी मिडियामा पटक पटक हेडलाइन बन्ने गरेका उनका भनाईहरुले उनको यसै महत्वाकांक्षालाई अभिव्यक्त गर्छ ।

हुनपनि संसदीय सत्ता राजनीति होस वा पार्टी राजनीति, ओली सर्वसत्तावादी शैलीको निम्ति परिचित छन्, र विगत एक दशकमा ओली पार्टी आन्तरिक राजनीतिमा प्रतिस्पर्द्धि स्वीकार्न नसक्ने सुप्रिमोको रुपमा विद्यमान छन्, भने गठबन्धन सत्ता राजनीतिमा पनि अव्वल कुर्सी आफ्नै हुनु पर्ने तथा इच्छा विपरीतलाई जसरीपनि पन्छाइ छाडने नेताको रुपमा स्थापित छन् । एमालेभित्र माधव नेपाल र झलनाथ खनालको युगमा ओली भर्सेज नेपाल-खनालको गुटसंघर्षको बेला अहिलेका दुई प्रतिस्पर्द्धि गुट एउटै कित्तामा थिए । नेपाल र खनालले नेकपा(एस) गठन गरेर आफ्नो राजनीतिक चुलो नै अलग्याइसकेपछि एमालेमा ओली विरोधी गुटको सशक्त नेताको रुपमा श्रीमति भण्डारी देखिएकी छिन् । उनले आगामी महाधिवेशनमा अध्यक्ष पद ताक्ने संकेत दिएपछि दुई महत्वाकांक्षा बिच नयाँ टकराव शुरु भएको हो ।

> पार्टी राजनीतिमा ओलीको उदयपछि पार्टीपंक्तिको एकजुटता खलबलिँदै गएको देखिन्छ । विरोधीलाई कुनैपनि हालतमा सहन नसक्ने प्रवृत्ति र शैली तथा उनको लामो राजनीतिक लखेटाईमा परेर नेपाल, खनाल र गौतम लगायतका पुराना वरिष्ठ नेताहरुको एउटा समूह केन्द्रदेखी तलसम्म अलग्गै पार्टी गठन गरिसकेका छन् । यसैको निरन्तरतामा श्रीमति भण्डारीको नयाँ प्रकरणले एकपटक फेरी एमालेमा राजनीतिक संकट शुरुभएको छ ।

मार्क्सवादको आधारभूत वर्गसंघर्षको विचारधारात्मक राजनीतिमा एमाले दशकौं पहिलेदेखि नै टाढिइसकेको छ, र संसदका अन्य दलहरु जस्तै यसकोपनि मुख्य दृष्टिकोण सत्ताको अवसरवादी राजनीति हो । तरपनि विगतमा वर्गसंघर्षको इतिहास बोकेको नेकपा (माले)बाट सांगठनिक संरचनाबाट विकसित एमाले वर्तमान नेपाली राजनीतिमा सबैभन्दा संगठित पार्टी रहेको छ । यसै कारण जनआन्दोलन र अग्रगामी चेतनाका विरुद्ध रहेर तथा बेला बेलामा संघीयता विरुद्ध उदासीन अभिव्यक्ति दिएर व्यापक जनविरोधको बावजूद एमालेले निर्वाचनमा पटक पटक सफलता प्राप्त गर्दै आएको छ, र गठबन्धनको राजनीतिमा शीर्षमा रहँदै आएको छ ।

सत्ता राजनीतिमा एमालेको यस पकडको कारण हो, विगत पैँतिसवर्षको स्थानीयस्तरसम्म सुसंगठित पार्टी ; इतिहास बोकेको चतुर राजनीतिक नेतृत्वको एकीकृत पंक्ति, जो भित्री राजनीतिमा गुटगत प्रतिस्पर्द्धामा रहेपनि बाहिर एकजुट देखिने गर्थे ; र, सत्तासम्बन्धी विषयमा सटिक निर्णय । गणतन्त्रको स्थापना पछि, विशेष गरी ओलीका विवादास्पद अभिव्यक्तिका कारण व्यापक विरोधका बावजूद एमाले चुनावी परिणाममा शीर्ष दुईभित्र निरन्तर रहँदै आउनु यसैको परिणाम हो ।

तर पार्टी राजनीतिमा ओलीको उदयपछि पार्टीपंक्तिको एकजुटता खलबलिँदै गएको देखिन्छ । विरोधीलाई कुनैपनि हालतमा सहन नसक्ने प्रवृत्ति र शैली तथा उनको लामो राजनीतिक लखेटाईमा परेर नेपाल, खनाल र गौतम लगायतका पुराना वरिष्ठ नेताहरुको एउटा समूह केन्द्रदेखी तलसम्म अलग्गै पार्टी गठन गरिसकेका छन् । यसैको निरन्तरतामा श्रीमति भण्डारीको नयाँ प्रकरणले एकपटक फेरी एमालेमा राजनीतिक संकट शुरुभएको छ ।

एमालेका नेताहरु तथा हितचिन्तक पक्षले यसलाई पार्टीभित्रको आन्तरिक मुद्दा भनेर पार्टी हितको बचाउ गर्छन् । तर जसरी पार्टीका आन्तरिक विषयमा ओली र श्रीमति भण्डारी सार्वजनिक मिडियामा आ-आफ्नै शैलीमा एक अर्काका विरुद्ध उभिएको देखिन्छन्, त्यसले यो अन्तर्विरोध सहज छैन, भन्ने संकेत दिन्छ । यस अन्तर्विरोधले फेरी एमालेमा नयाँ राजनीतिक चुलो अलग्गिन्छ भन्नु हतार हुनेछ र अहिले उचित हुनेपनि देखिँदैन । तर दुबैपक्षले एकअर्का विरुद्ध जसरी तीर सोझ्याउँदै छन्, र जसरी अन्तर्विरोध क्रमशः तीव्र हुँदै गइरहेको छ, त्यसले एमालेभित्रको एकीकृत तन्तुहरु खुकुलो हुँदै गएको महसुस हुँदै छ । संसदमा होस वा पार्टी राजनीतिमा अध्यक्ष ओलीपक्ष, विशेष गरेर ओली सर्वव्यापक प्रभावी देखिँदै आएका थिए । विगत केही वर्षदेखी उनलाई चुनौती दिने कुनै नेता देखिएका थिएनन् । एकछत्र सुप्रिमो जस्ता थिए ओली । तर श्रीमति भण्डारीको आगमनपछि उनको विरुद्ध अकस्मात नेतृत्वपंक्तिको एउटा हिस्सा प्रभावशाली रुपमा देखिएको छ ।

एमालेको आगामी महाधिवेशन (११औं महाधिवेशन) विधानतः हुन कम्तीमा पन्द्र महिना बाँकी छ । श्रीमति भण्डारी यसैलाई केन्द्रमा राखेर तयारी गरिरहेको बुझिन्छ । एमालेको विधानमा पाँचवर्षमा महाधिवेशन गर्नुपर्ने प्रावधान छ, र यस अनुसार ०८३ मंसीरसम्ममा आगामी महाधिवेशन हुनुपर्ने हो । एमालेको दसौं महाधिवेशन ०७८ साल मंसीरमा भएको थियो ।

तर ०८४मा संसदको आम निर्वाचनपनि छ । ओलीपक्षले श्रीमति भण्डारीको प्रभावयात्रा रोक्नसक्ने स्थिति भएन भने उनिहरुले आमनिर्वाचनको निहुँ झिकेर महाधिवेशनको समय सार्न सक्छन् ।

यस समग्र अन्तर्विरोधी खेलमा अर्को पैँच के छ भने नेपाली राजनीतिमा अपवाद बाहेक पार्टी अध्यक्ष नै शासन प्रमुख वा अधिकारसम्पन्न प्रधानमन्त्री हुने चलन रहँदै आएको देखिन्छ । अहिलेको प्रधानमन्त्री ओलीपनि पार्टी अध्यक्ष नै छन् । यस्तोमा पार्टीको अध्यक्ष पद ताक्नुको अर्थ प्रकारान्तरले प्रधानमन्त्रीको पदपनि हुनसक्ने देखिन्छ । वर्तमान सत्ताराजनीति, जहाँ जनताको राजनीतिक सशक्तिकरण र समृद्धिको साटो सत्ताशीर्षसम्म पुग्नु नै एकमात्र अवसरवादी उद्देश्य हुने गर्छ, ओली भर्सेज श्रीमति भण्डारी बीचको अन्तर्विरोधलाई पनि यसै अर्थमा बुझ्नु ठिक हुनेछ ।

अन्तिम प्रश्न, पूर्व राष्ट्रपति र उपराष्ट्रपति पुन सक्रिय राजनीतिमा फर्कनु उचित हो कि अनुचित ? यसका दुईवटा उत्तर छन् । पूर्व उपराष्ट्रपति नन्दबहादुर पुन, माओवादी केन्द्रको उपाध्यक्ष पदमा सक्रिय भैसकेका छन्, भने पूर्व राष्ट्रपति श्रीमति विद्या भण्डारी एमालेमा सदस्यता नवीकरणको निवेदन दिएर सक्रिय हुनलागेकी छिन् । यसले नेपाली राजनीतिमा एउटा नयाँ बहस सृजना गरेको छ । श्रीमति भण्डारीलाई रोक्नका निम्ति एमालेमा ओलीपक्षधरले पूर्व राष्ट्रपति र पूर्व उपराष्ट्रपतिहरु सक्रिय राजनीतिमा आउनु हुन्न र राष्ट्रप्रमुखको गरिमा बुझेर मर्यादित अवकासमा बस्नु पर्छ भनेर तर्क गरिरहेका छन् । तर नेपाली राजनीतिको समस्या शुरु देखि नै के रहेको छ भने राष्ट्रपति र उपराष्ट्रपति राजनीतिक पार्टीहरु बाट नै चयन गर्ने गरिएको छ । राष्ट्रप्रमुख स्वतन्त्र वा गैरराजनीतिक क्षेत्रबाट छनौट गरिएको भए त यो सम्भव हुन्थ्यो, तर राजनीतिक विचारले लैस तथा राजनीतिमा नै जीवन गुजारेका हरुलाई राजनीतिबाट टाढा हुनु वा निष्क्रिय हुनु असम्भव प्रायः हुनेछ । प्रत्यक्षरुपमा सक्रिय नभएपनि उनी अप्रत्यक्षरुपमा सक्रिय रहन्छन् नै । यस कारण राष्ट्रपति र उपराष्ट्रपति पदलाई गैरराजनीतिक र मर्यादित बनाउने हो भने गैरराजनीतिक क्षेत्र (न्याय, प्राध्यापन, बौद्धिक, सार्वजनिक मानवीय सेवा क्षेत्र आदि)बाट चयन गर्नु पर्छ ; अन्यथा यो बहस नै अनुचित छ । श्रीमति भण्डारी र पुनको सक्रिय राजनीतिमा पुनरागमन न त अनैतिक छ, न अस्वाभाविक । दुबै जनाको विगत राजनीतिक हो ।

निश्चित रुपमा श्रीमति भण्डारी जुन खाले राजनीतिमा सक्रिय हुँदैछिन्, त्यो जनपक्षधर राजनीति होइन, त्यो सत्ताको अवसरवादी राजनीति नै हो । तर उनको सक्रियतालाई अनुचित मान्नु हुँदैन ।

वस्तुतः उनको राजनीतिक सक्रियतापनि अवसरको खोजी नै हो भने उनलाई रोक्न खोज्ने ओली पक्षधरको प्रयत्नपनि हातमा रहेका अवसर गुम्न नदिनको निम्ति नै हो ।

यो सारा बहस सत्तामुखी हो । यद्यपि यस समग्र बहसमा ओली भर्सेज श्रीमति भण्डारीको प्रकरण एमाले भित्र सत्ता र संगठनको दृष्टिले दूरगामी महत्वको हुनु निश्चय छ ।

# सिन्धुलीगढीको झल्को गढीडाँडामा

**राधिका बुढाथोकी**

जहाँ इतिहासको धड्कन सुनिन्छ, त्यही हो सिन्धुलीगढी । जसलाई वीरता, रणनीति, स्वाभिमान र नेपाली अस्तित्वको प्रतीकका रुपमा लिइने गरिन्छ । यही गढीको माटोमा पहिलोपटक अङ्ग्रेज साम्राज्य झुकेको थियो र यहीँबाट नेपाली गौरवको आवाज विश्वभर गुन्जिएको थियो ।

यो गौरवशाली ऐतिहासिक स्थलको कतिपयले नाम त सुने तर अनुभूति गर्न पाएका छैनन् । यही खाँचोलाई कम गर्न ऐतिहासिक पदमार्ग चियाबारी-सिन्धुलीगढीमा पर्ने अर्को एउटा डाँडाले नेपाली स्वाभिमान उच्च बनाएको स्थल सिन्धुलीगढीको झल्को दिइरहेको छ बदलेको आफ्नो परिचय, 'गढीडाँडा' को स्वरुपमा ।

सिन्धुलीको कमलामाई नगरपालिका-२ स्थित बिपी राजमार्गअन्तर्गत रहेको 'सेल्फीडाँडा' भनेर चिनिने यस स्थान केवल तस्बिर खिच्ने, टिकटक बनाउने थलो मात्रै होइन, इतिहास बुझ्ने, महसुस गर्ने र नेपाली हुनुको गौरवता बोकेर फर्किने स्थलका रुपमा चिनिँदैछ । किनकि यहाँ इतिहास बोलेको छ वीरताको सालिकमा र नेपालको गौरवशाली विगतलाई झल्काउने भित्तेचित्रहरुमा । इतिहासको गाथा बोकेको सिन्धुलीगढीको झल्को अब गढीडाँडामा पनि देखिन्छ । बिपी राजमार्गको पेटी जहाँ यात्रुहरू आफैँ इतिहाससँग साक्षात्कार गर्न सक्छन् ।

गढीडाँडामाथिको बुट्टेदार पर्खालको फेदमा ऐतिहासिकस्थल सिन्धुलीगढी, गढी दरबार, गढी क्षेत्रमा गोर्खाली र अङ्ग्रेजबीचको ऐतिहासिक युद्धदेखि धार्मिक महत्व बोकेको भद्रकाली मन्दिरसम्मका दृश्यहरु भित्तामा उतारिएको छ । गढी युद्ध सालिकमा देख्न सकिन्छ । यो नेपाली सेनाको प्राविधिक सहयोग र कमलामाई नगरपालिका, सिन्धुलीको आठ लाख लगानीमा निर्माण गरिएको हो ।

यही स्थानबाट देखिने वरपरको घनाजङ्गल, सुन्दर पहाडी प्राकृतिक दृश्यहरुले जो कोहीलाई पनि मोहित बनाउँछ । यात्राका लागि आकर्षक नागबेली घुम्तीले रमणीय बिपी राजमार्ग र दायाँबायाँको बस्तीले आकर्षणको केन्द्र बनेको छ, गढीडाँडा । गढीडाँडामा कोरिएका भित्तेचित्र र सालिकले सिन्धुलीगढीको झल्को झल्काउने अवलोकनकर्ता रवीन्द्र महर्जन बताउनुभयो । भन्नुभयो, "गोर्खाली सेनाको बहादुरी र गढी युद्धको भव्यता अब गढीडाँडामा पनि देखिन्छ ।"



बिपी राजमार्ग हुँदै यात्रा गर्नेका लागि गढीडाँडा विश्रामको केन्द्र बन्दै गएको छ । यात्राको दौरानमा सवारी रोकेर धेरैले यहाँ, 'सेल्फी' खिच्ने, वातावरणीय सुन्दरतालाई तस्बिर र भिडियोमा कैद गर्ने, इतिहास झल्काउने भित्तेचित्र र सालिक नियाल्ने, हरियाली डाँडाकाँडा र टाढासम्म फैलिएको सिन्धुलीको दृश्यावलोकन गर्ने गर्दछन् । यहाँको रमणीय स्थानमा यात्रा मात्र हुँदैन, स्मृति सँगालिन्छ ।

यहाँ दृश्यावलोकन मात्रै होइन, जिल्लामा उत्पादित जुनार, सुन्तला, भुइँकटहर जस्ता फलफूलबाट बनाइएको जुस, चियाको चुस्की तथा खाजाको स्वाद लिन पनि सकिन्छ । तातो चिया घुट्क्याउँदै वा चिसो जुसको स्वाद लिँदै गढीडाँडाबाट फैलिएको हरियाली दृश्यावलोकन गर्दाको आनन्द बयान गरिसाध्य छैन ।

गढीडाँडाको विकास भएसँगै स्थानीय रोजगारी र व्यापार, व्यवसायमा सकारात्मक प्रभाव परेको छ । "पहिलाको भन्दा दोब्बर सवारीसाधन रोकिन्छन्, चिया, जुस र अन्य खाजा खाँदै गढीडाँडा र सिन्धुलीको ऐतिहासिक, धार्मिक र पर्यटकीयस्थलहरुका बारेमा सोध्छन् । पहिले यस्तो हुन्नथियो," स्थानीय व्यवसायी सुनिता थापामगरले सुनाउनुभयो ।

इतिहास अध्यता तथा कमलामाई नगरपालिका, सिन्धुलीका सूचना अधिकारी सागरकुमार ढकालका अनुसार सेल्फीडाँडा गढीडाँडामा रुपान्तरण भएसँगै यो स्थान बिपी राजमार्गमा अवस्थित एक ऐतिहासिक र पर्यटकीय आकर्षक गन्तव्यको केन्द्र बनेको छ । यहाँ अवलोकन गर्नेहरुले होचा-अग्ला डाँडापाखा र हरियालीले सजिएको सिन्धुलीको अवलोकन मात्रै गर्न पाउने छैनन्, हाम्रा अग्रजको योगदान, नेपाली वीरताको इतिहास, सिन्धुलीगढीको महत्वसँगै आफ्नो राष्ट्रका लागि आफूले निर्वाह गर्नुपर्ने भूमिका र कर्तव्यबोध पनि गर्नेछन् ।

सिन्धुलीगढी क्षेत्रको ऐतिहासिक महत्व उजागर गर्न नेपाली सेना निरन्तर क्रियाशील देखिन्छ । श्री नं ९ वाहिनी अड्डाका वाहिनीपति सहायक रथी युवराज कार्कीका अनुसार नेपाली सेनाले विगतदेखि नै यस्ता ऐतिहासिक गढी, किल्ला तथा ऐतिहासिक क्षेत्रहरुको संरक्षण, पुनःनिर्माण र प्रचार-प्रसारमा अग्रसरता देखाउँदै आएको छ ।

विक्रम संवत २०८१ को पुस १९ गते सिन्धुलीगढी पुर्न निर्माणको नेतृत्व लिएपछि हाल सेल्फीडाँडाको परिचय बनाउँदै गएको पुर्खाको नासोलाई गढीडाँडाका रुपमा रुपान्तरण गरिएको छ । गढीडाँडामा निर्माण गरिएका संरचना इतिहास र स्वाभिमानप्रति भावी पुस्तालाई आकर्षण जगाउने माध्यम बन्नेमा उहाँ विश्वस्त हुनुहुन्छ । "सिन्धुलीगढी क्षेत्रको बृहत् प्रवर्द्धनका लागि यो कार्यले सघाउ पुऱ्याउने विश्वास लिइएको छु," वाहिनीपति कार्कीले भन्नुभयो, "भविष्यमा दीर्घकालीन योजनासहित थप ऐतिहासिक वीरताको गाथा समेटिने संरचना निर्माण गर्नसके यसको सार्थकता अझ बढ्नेछ ।"

उहाँले आगामी दिनमा गढी क्षेत्रको थप संरक्षण, संवर्द्धन, व्यवस्थापन तथा दीर्घकालीन सोचसहित बहुवर्षीय योजनामार्फत अझ थप ऐतिहासिक वृत्तान्त झल्काउने संरचनाहरू निर्माण गर्न आवश्यक रहेको बताउनुभयो । यस प्रकारका संरचनाले चेतना जगाउनाका साथै पर्यटकीय सम्भावनालाई समेत थप प्रोत्साहन दिने उहाँको बुझाइ छ । विशेषगरी बिपी राजमार्ग हुँदै यात्रा गर्ने आन्तरिक तथा बाह्य पर्यटकहरूले गढी क्षेत्रको महत्व बुझ्ने र अवलोकन गर्ने अवसर पाउनेछन् । साथै, सिन्धुलीगढी सङ्ग्रहालयसम्म पुग्न नसक्ने व्यक्तिहरूलाई त्यस क्षेत्रको भौगोलिक, ऐतिहासिक पृष्ठभूमिको सङ्क्षिप्त जानकारी गढीडाँडाले दिइने उहाँले बताउनुभयो ।

ऐतिहासिक सिन्धुलीगढी क्षेत्रको प्रवर्द्धन र पुस्तान्तरणमा योगदान पुऱ्याउने उद्देश्यले गढीडाँडामा सेनाले निर्माण गरेका ऐतिहासिक भित्तेचित्र र योद्धाहरुको सालिक गत शनिबार एक विशेष समारोहबीच कमलामाई नगरपालिकालाई हस्तान्तरण गरिएको थियो । प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले कमलामाई नगरपालिका र नेपाली सेनाले इतिहासको संरक्षणमा पुऱ्याएको योगदानको प्रशंसा गर्नुभयो ।

"गढीडाँडाको संरक्षण र प्रचारमार्फत इतिहासको पुनरावलोकन गर्दै नयाँ पुस्तामा पुस्तान्तरण गर्ने यो अभियान अत्यन्त सराहनीय छ," उहाँले भन्नुभयो, "पुर्खाहरूको ख्यातिलाई जीवन्त राख्दै ऐतिहासिकता झल्किने संरचनाहरूको निर्माणले पर्यटन प्रवर्द्धन र देशको आर्थिक विकासमा समेत सकारात्मक प्रभाव पार्नेछ ।" उहाँले यस्तो प्रयासले स्थानीयस्तरमा मात्र होइन, राष्ट्रिय तहमै अर्थतन्त्रलाई टेवा पुऱ्याउने अपेक्षा गर्न सकिने भन्दै निरन्तरताका लागि सबै पक्षले सहकार्य गर्नुपर्नेमा जोड दिनुभयो ।

कमलामाई नगरपालिकाका नगरप्रमुख उपेन्द्रकुमार पोखरेलले गढीडाँडा ऐतिहासिक स्मृतिको जीवन्त प्रतीक भएको उल्लेख गर्नुभयो । "सिन्धुलीगढी त्यो भूमि हो, जहाँ नेपाली पुर्खाहरूले शक्तिशाली भनिने इस्ट इन्डिया कम्पनीका सेनालाई पराजित गरेका थिए", उहाँले भन्नुभयो, "गढीडाँडाले त्यस गौरवपूर्ण इतिहासको झल्को दिन्छ ।" उहाँले राष्ट्र, राष्ट्रियता र स्वाभिमान जोगाउने कार्यमा नेपाली सेना र स्थानीय सरकार निरन्तर सहकार्यमा रहने बताउनुभयो ।

"विकासका निर्णायक योजनाहरू बनाउँदा इतिहासलाई जगेर्ना गर्दै भावी पुस्तालाई ऐतिहासिक ज्ञान सिकाउनु आवश्यक छ," पोखरेलले भन्नुभयो, "त्यसबाट भविष्यको नीतिनिर्माणमा सहयोग पुग्छ ।"

नगरप्रमुख पोखरेलले सेल्फीडाँडाबाट ऐतिहासिक तथा पर्यटकीय दृष्टिले गढीडाँडामा रुपान्तरण गर्न नेपाली सेनाले पुऱ्याएको भूमिकाको प्रशंसा पनि गर्नुभयो । "कमलामाई नगरपालिकाको आठ लाख रुपैयाँ आर्थिक सहयोगमा सेनाले निर्माण गरेका संरचनाहरूले गढीडाँडालाई सिन्धुलीको 'हाइवे हेरिटेज स्पट' का रूपमा विकास गर्न मद्दत पुग्नेछ," उहाँको भनाइ थियो । उहाँका अनुसार गढीडाँडा अहिले विश्रामस्थल, इतिहासको जानकारी दिने केन्द्र र स्थानीय उत्पादनको बिक्रीस्थलका रूपमा समेत विकसित हुँदैछ । "भविष्यमा गढीडाँडा मात्रै होइन, सिन्धुलीगढी क्षेत्रलाई समेत थप व्यवस्थित र समग्र पर्यटन गन्तव्यका रूपमा विकास गर्दै लगिने छ," उहाँले भन्नुभयो ।

सिन्धुलीगढीको सुगन्ध अब गढीडाँडाबाट पनि फैलिँदैछ । बिपी राजमार्ग हुँदै यात्रा गर्ने जो कोहीले अब गढीडाँडामा केही मिनेट रोकिएर सेल्फी मात्रै होइन, इतिहास बुझ्ने र नेपालीको विरता अनुभव गर्नसक्ने छन् । यसले जिल्लाको पर्यटन प्रवर्द्धनमा ठूलो टेवा पुग्ने अपेक्षा गरिएको छ । यसरी इतिहासको संरक्षणसँगै पर्यटन प्रवर्द्धन गर्नसके देशको अर्थतन्त्रमा उल्लेखनीय योगदान पुग्ने देखिन्छ ।रासस

# स्वास्थ्य मन्त्रालयको एक वर्षः सीमित स्रोतमा उल्लेखनीय सफलता हासिल गरेको दाबी



काठमाण्डु । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले वर्तमान सरकार गठनको एक वर्षमा भएका प्रमुख उपलब्धिहरू सार्वजनिक गर्दै आगामी कार्यदिशाबारे जानकारी गराएको छ।

सोमबार आयोजित पत्रकार सम्मेलनमा स्वास्थ्यमन्त्री प्रदीप पौडेलले सीमित स्रोतसाधनका बीच पनि मन्त्रालयले उल्लेखनीय उपलब्धि हासिल गरेको बताउनुभयो।

उहाँले आधारभूत अस्पताल सञ्चालन, डेङ्गी सङ्क्रमण नियन्त्रण, एचपिभी खोप अभियान, विपद् व्यवस्थापन, आपत्कालीन तयारी, कर्मचारी समायोजनलगायत मुद्दामा तीन तहबीच सहकार्य गर्दै समस्या समाधानमा स्पष्टता ल्याइएको बताउनुभयो।

मन्त्री पौडेलले मन्त्रालय मातहतको सङ्गठन तथा व्यवस्थापन (ओएनएम) सर्वेक्षणमार्फत दुई हजार १०० नयाँ जनशक्ति थप गर्ने प्रस्ताव मन्त्रिपरिषद्मा पुगेको र एक दर्जनभन्दा बढी नयाँ विधेयकहरू तयारीको अन्तिम चरणमा रहेको बताउनुभयो। उहाँले भन्नुभयो,“स्वास्थ्य बिमा प्रणालीमा आमूल सुधार गर्दै अनलाइनबाट बिमाको नवीकरण हुने, दीर्घरोगमा पुनः रिफरको झन्झट हटाउने र बिमा अवधि घटाएर एक

> **सोमबार आयोजित पत्रकार सम्मेलनमा स्वास्थ्यमन्त्री प्रदीप पौडेलले सीमित स्रोतसाधनका बीच पनि मन्त्रालयले उल्लेखनीय उपलब्धि हासिल गरेको बताउनुभयो ।**

महिना बनाउने व्यवस्था मिलाइएको छ। क्यान्सर, मुटु, मिर्गौला, स्पाइनल इन्जुरीजस्ता आठ प्रकारका जटिल रोगका लागि रु दुई लाखसम्मको सेवा बिमाअन्तर्गत उपलब्ध गराउने व्यवस्था पनि लागू भइसकेको छ।”

मन्त्री पौडेलका अनुसार पूर्वाधार विकासमा स्वास्थ्य मन्त्रालयले हालसम्म ११३ आधारभूत अस्पताल निर्माण सम्पन्न गरिसकेको र ५५ वटा अस्पताल सञ्चालनका लागि तयारी अवस्थामा रहेका छन्। यस्तै, गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गर्न सङ्घीय अस्पतालहरूमा दुई सिफ्ट बहिरङ्ग (ओपिडी) सेवा सुरु गरिएको छ। सरकारी अस्पतालहरूमा पक्षघात, सिकलसेल एनिमिया, थालसेमिया, हिमोफिलियाजस्ता रोगको औषधि र उपचार सेवा निःशुल्क गरिएको छ।

स्वास्थ्यमन्त्री पौडेलले जनसङ्ख्यालाई सन्तुलित, व्यवस्थित र समावेशी बनाउने लक्ष्यसहित ‘राष्ट्रिय जनसङ्ख्या नीति २०८२ ’पारित गरिएको बताउनुभयो।

“आगामी वर्षसम्ममा सुधार अभियानलाई पूर्णता दिँदै नेपाललाई गुणस्तरीय, सुलभ र दिगो स्वास्थ्य सेवा प्रदान गर्ने देश बनाउने प्रतिबद्धता गरेर लागिरहेका छौँ। हामीले थालनी गरेका पहलहरू स्वास्थ्य क्षेत्रको दीर्घकालीन सुधारको आधार बन्नेछन्”, उहाँले भन्नुभयो।रासस

# ‘कृषिक्षेत्र आत्मनिर्भरतातर्फ उन्मुख छ’

काठमाण्डु । कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले कृषिमा आत्मनिर्भर हुनेगरी मन्त्रालयले काम गरिरहेको बताउनुभएको छ।

मन्त्रालयको जिम्मेवारी सम्हालेको एक वर्षमा भएका नीतिगत तथा संस्थागत सुधारका विषयमा सोमबार मन्त्रालयमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा उहाँले धानमा आत्मनिर्भर बन्न लागेको बेला मधेस प्रदेशमा खडेरीका कारण आएको समस्या समाधानका लागि मन्त्रालयले अध्ययन गर्न कर्मचारीको टोली खटाएको जानकारी दिनुभयो।

कृषकलाई उपलब्ध गराइने सहुलियत तथा सेवा प्रवाहमा क्रमिक सुधार भएको मन्त्री अधिकारीको भनाइ छ। मन्त्रालयले कृषि उत्पादन उत्पादकत्व वृद्धि, आधुनिकीकरण, बजारीकरण र किसानको जीवनस्तर सुधारलाई प्रमुख प्राथमिकतामा राखेको उहाँले उल्लेख गर्नुभयो। मन्त्री अधिकारीले यो अवधिमा आफ्नो सोच अनुरुपका सबै काम गर्न नसके पनि आफ्नो प्रयास मुलुकको समग्र कृषि क्षेत्रको सुधार र किसानका पक्षमा रहेकामा जोड दिनुभयो।

“कृषि नेपालको अर्थतन्त्रको मेरुदण्ड हो र लाखौँ नेपालीको जीविकोपार्जनको आधार हो, यसैलाई मध्यनजर गर्दै, मन्त्रालयले कृषि उत्पादन, उत्पादकत्व वृद्धि, आधुनिकीकरण, बजारीकरण र किसानको जीवनस्तर सुधारलाई प्रमुख प्राथमिकतामा राख्दै आएको छ”, उहाँले भन्नुभयो।

यस अवधिमा विगत लामो समयदेखि समस्याका रूपमा



रहेको रासायनिक मल खरिद तथा वितरणलाई सहज बनाउन नीतिगत पहल गरिएको, जसमा रासायनिक मल खरिदसम्बन्धी नियमावली संशोधन र रासायनिक मल वितरणसम्बन्धी कार्यविधि संशोधन गरिएको जानकारी पनि उहाँले गराउनुभयो।

यसबाट रायानिक मल आपूर्ति तथा वितरण व्यवस्थापनमा देखिएका समस्या सम्बोधन हुने अपेक्षा राखेको मन्त्री अधिकारीको भनाइ छ। विगत सात वर्षदेखि बल्झिरहेको नेपाल कृषि सेवातर्फका कर्मचारी समायोजन अनुसारको सङ्गठन संरचनामा आवश्यक सुधार गरी १२९ नयाँ दरबन्दी थप गरी सङ्गठन सुदृढ तथा व्यवस्थापन गरिएको मन्त्रालयले जनाएको छ।

बीउ विजन नियमावली, २०८१ स्वीकृत भई कार्यान्वयनमा आएको, कृषि तथा पशुपन्छी बिमा डिजिटल प्रणालीमा आधारित हुने गरी कार्यान्वयनमा ल्याइएको उहाँले उल्लेख गर्नुभयो।

कृषि क्षेत्रको एकीकृत कानुनको रूपमा रहेको कृषि विधयेक तथा राष्ट्रिय कृषि नीति तर्जुमा भई मन्त्री परिषद्मा लैजाने अन्तिम तयारी रहेको, पशु कल्याण ऐनलाई अन्तिम रुप दिइएको मन्त्री अधिकारीले जानकारी गराउनुभयो।

केही वर्षदेखि थन्किएर रहेको खाद्य गुणस्तर परीक्षण गर्ने चार वटा मोबाइल भ्यान सञ्चालनमा आएको, नेपाल कृषि अनुसन्धान परिषद्को पुनसंरचना गर्न उच्चस्तरीय कार्यदल गठन गरी कार्य भइरहेको, कृषि सम्बन्धी प्रविधिहरूको दर्ता, कृषि प्रविधि प्रसार एवं हस्तान्तरणको संस्थागत संरचना निर्माण गर्ने नीतिगत निर्णय गरी यसको कार्यान्वयनसमेतलाई सहयोग पुग्ने उद्देश्यले नेपाल राष्ट्र बैङ्कमा आवश्यक पहल गरी आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिमा व्यवस्था गरिएको मन्त्रालयले जनाएको छ। नार्कका सिफारिस प्रविधिमा कर्जा प्रवाह सहजीकरण गर्ने व्यवस्था समावेश गरिएको मन्त्री अधिकारीले जानकारी गराउनुभयो।

जीवनाशक विषादीको गुणस्तर परीक्षण तथा अनुसन्धान प्रयोगशाला सञ्चालनार्थ क्वारेन्टाइन केन्द्र, प्रदेश सरकार, विश्वविद्यालयलगायत सरोकारवाला संस्थासँग परामर्श र समन्वय गर्नेगरी आवश्यक संरचना, मोडेल र कार्यक्रमबारे नीतिगत निर्णय भई प्रक्रिया अघि बढाइएको पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो।

खोरेत रोग मुक्त क्षेत्र घोषणा गर्न सङ्घीय सरकार र प्रदेश सरकारको संयुक्त पहलमा कोशी प्रदेशको इलाम जिल्लाका तीन वटा क्षेत्रमा विभाजन गर्न लागिएको छ। यसबाट पशुजन्य पदार्थ (मासु, दुध, छुर्पी, घिऊ) को अन्तरराष्ट्रिय बजार पहिचान गर्न महत्त्वपूर्ण रहने विश्वास लिएको मन्त्री अधिकारीले बताउनुभयो।

रैथाने बालीको संरक्षण, प्रवर्द्धन एवं यसको महत्वको प्रचारप्रसार गर्न मन्त्रालयको प्रस्तावमा मन्त्री परिषदको बैठकले साउन १६ गतेलाई राष्ट्रिय कोदो दिवसको रूपमा मनाउने निर्णय गरेको छ।

यसअघि हिमाली क्षेत्रको आनुवंशिक स्रोत तथा दुर्लभ हुँदै गएको याकको संरक्षणका लागि वैशाख ७ गतेलाई याक दिवसको रूपमा मनाउने घोषणा गरी पहिलो राष्ट्रिय याक दिवस मनाइएको छ।

बीउ बिजनसँग सम्बन्धित दर्ता, अनुमतिपत्र नवीकरण, प्रमाणीकरणलगायतका कार्य अनलाइनमार्फत् सञ्चालन भई कार्यसम्पादन छिटो, छरितो र लागत प्रभावकारी बनाइएको छ। गत मङ्सिरदेखि केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला अन्तर्गत पाँच वटा पशुपन्छी रोग प्रयोगशालामा ‘ल्याबरेटोरी इन्फर्मेसन म्यानेजमेन्ट सिस्टम’ सुरु भएको छ।

विभिन्न विधामा सात प्रदेशका १४ जना उत्कृष्ट किसानलाई राष्ट्रिय उत्कृष्ट किसान पुरस्कारबाट सम्मानित गरिएको छ।

यसले कृषि पेशालाई सम्मानित बनाउन एवम् युवा जनशक्तिलाई कृषि उद्यमप्रति उत्प्रेरित गर्ने विश्वास मन्त्रालयको छ। मन्त्रालय अन्तर्गतका निकायमा नेपाल कृषि अनुसन्धान परिषद्, राष्ट्रिय चिया तथा कफी विकास बोर्ड र पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्मा लामो समयदेखि रिक्त रहेका पदमा नेतृत्व प्रदान गरिएको पनि मन्त्रालयले जनाएको छ।रासस

# जलस्रोत विधेयकमाथि दफावार छलफल सुरु

काठमाण्डु । राष्ट्रियसभाअन्तर्गतका विधायन व्यवस्थापन समितिमा जलस्रोत विधेयक, २०८१ माथि दफावार छलफल सुरु भएको छ। समितिको सिंहदरबारमा सोमबार बसेको बैठकमा जलस्रोत विधेयकमाथि दफावार छलफलसँगै विधेयकमाथि संशोधनकर्ताहरुले विधेयकमा समेट्नुपर्ने विषयबारे आ-आफ्नो राय सुझाव दिनुभयो।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काको उपस्थितिमा समितिका सदस्यहरु र संशोधनकर्ताबीच जलस्रोत विधेयकका सम्बन्धमा दफावार छलफल भएको हो। छलफलमा सचिव (जलस्रोत तथा सिँचाइ) सरिता दवाडी, कानुन तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधिसमेत सहभागी थिए। विधेयकको नाम र प्रारम्भमा छलफल भएको छ। केही दफाहरुमा छलफल भए पनि विधेयकको प्रस्तावनामा उल्लेखित जलस्रोतको दिगो विकास र जलस्रोतको सुरक्षा विषयमा मतान्तर देखिएपछि प्रस्तावना टुङ्गिएन। प्रस्तावनालाई पछि टुङ्ग्याउने गरी विधेयकका अन्य दफाहरुमा छलफल भयो। समितिका सभापति तुलसाकुमारी दाहालले विधेयकको प्रस्तावनामा लेखिएका विषयलाई प्रतिनिधिसभाको प्रतिवेदन र ऊर्जा मन्त्रालयको प्रस्तावलाई समेटेर छुट्टै ‘ड्राफ्ट’ बनाएर ल्याउन मन्त्रालयलाई निर्देशन दिनुभयो।

विधेयकका सम्बन्धमा ऊर्जामन्त्री खड्काले जलस्रोतको दिगो विकास, उपयोग



संरक्षण र लाभको बाँडफाँट गर्ने उद्देश्यले विधेयक ल्याइएको बताउनुभयो। उहाँले विधेयकमाथि छलफलका क्रममा उठेका कुरा र संशोधनकर्ताहरुले सुझाएका विषयलाई समेटेर विधेयकलाई समृद्ध बनाएर लैजानुपर्नेमा जोड दिनुभयो। “लामो बहस र छलफलबाट आएको यो विधेयकको महत्वलाई ध्यान दिएर अपुग भएका विषय समेटेर विधेयक अगाडि बढाइनुपर्छ। छलफलमा उठेका र संशोधनमा आएका विषय समेटेर नमिलेका शब्दलाई मिलाएर लैजान मन्त्रालय सकारात्मक छ”, ऊर्जामन्त्री खड्काले भन्नुभयो।

विधेयकमाथि संशोधनकर्ता डा बेदुराम भुसालले विधेयकको प्रस्तावनामा उल्लेखित स्रोतको विकासको सट्टा स्रोतको उपयोग शब्द राखिनुपर्ने धारणा राख्नुभयो। संशोधनकर्ता डा अञ्जान शाक्यले जलस्रोतको उपयोग र एकीकृत विकास गरेर लैजान अपरिहार्य भएकाले विधेयकको आवश्यकता औँल्याउनुभयो। संशोधनकर्ता विष्णुबहादुर विश्वकर्माले छुटेका विषयलाई समेटेर विधेयकलाई समृद्ध बनाइनुपर्नेमा जोड दिनुभयो।

सांसदहरु राधेश्याम पासवान, श्रीकृष्ण अधिकारी, भुवनबहादुर सिंह, मृगेन्द्रकुमार सिंह यादवले विधेयकको प्रस्तावनामा रहेको दिगो विकास भन्ने शब्द हटाएर विकासको सट्टा उपयोग र व्यवस्थापन शब्द राख्न माग गर्नुभयो।

सांसद पदमबहादुर परियारले दिगो विकासलाई हटाएर दिगो व्यवस्थापन शब्द राख्न सुझाव दिनुभयो। सांसद मदनकुमारी शाहले विधेयकको प्रस्तावनामा लेखिएको दिगो विकासको परिभाषा अस्पष्ट रहेकाले दिगो व्यवस्थापन शब्द राख्दा उपयुक्त हुने धारणा राख्नुभयो। सांसद झक्कुप्रसाद सुवेदीले विधेयकको प्रस्तावनामा सुरक्षित बाँध राख्दा उपयुक्त हुने सुझाउनुभयो।

नेपालको संविधानमा उल्लिखित विकाससम्बन्धी नीति र प्राकृतिक साधनस्रोतको संरक्षण, सम्वर्द्धन र उपयोगसम्बन्धी नीति कार्यान्वयनका लागि कानुनी तथा संस्थागत व्यवस्था गर्ने उद्देश्यले विधेयक ल्याइएको हो। सङ्घीय एकाइहरुबीच जलस्रोत आयोजनाको विकास तथा सञ्चालन गर्ने अधिकार, दायित्व तथा जिम्मेवारी बाँडफाँट गर्ने कानुनी व्यवस्था गर्न, सतह तथा भूमिगत जलस्रोतको उपयोगिता, विकास तथा संरक्षण गर्न, जलस्रोतको बहुउद्देश्यीय उपयोगलाई दिगो, प्रभावकारी र व्यवस्थित गर्ने उद्देश्यले विधेयक ल्याइएको हो।

जलस्रोतसम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न बनेको जलस्रोत विधेयक तत्कालीन ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले विसं २०८१ जेठ ३१ गते प्रतिनिधिसभामा दर्ता गराउनुभएको थियो। उक्त विधेयक २०८२ जेठ ५ गते प्रतिनिधिसभाबाट पारित भएको थियो। हाल राष्ट्रियसभाको विधान व्यवस्थापन समितिमा दफाबार छलफलको क्रममा रहेको छ।रासस

# ‘काउन्सिललाई राजनीतिक हस्तक्षेप मुक्त बनाउनुपर्छ’



काठमाण्डु । सांसदहरूले मिडिया काउन्सिललाई राजनीतिक हस्तक्षेपबाट मुक्त बनाउनुपर्नेमा जोड दिनुभएको छ।

प्रतिनिधिसभा, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको सोमबारको बैठकमा मिडिया काउन्सिल विधेयकमाथि संशोधनकर्तासँगको छलफलमा उहाँहरूले काउन्सिललाई सरकारको एकाधिकार र हस्तक्षेपबाट मुक्त बनाउन सुझाब प्रस्तुत गर्नुभयो। विधेयक सञ्चारमाध्यम र सञ्चारकर्मीलाई नियन्त्रण नभई नियमन गर्ने गरी आउनुपर्ने धारणा राख्नुभयो।

बैठकमा संशोधनकर्ता सांसद मनिष झाले काउन्सिलको अध्यक्ष र सदस्य नियुक्तिमा राजनीतिक हस्तक्षेप रोक्नुपर्ने बताउनुभयो। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का झाले विज्ञसहितको समितिले सिफारिस गरेबमोजिम नियुक्त गर्न उपयुक्त हुने सुझाव दिनुभयो।

नियुक्तिका लागि मन्त्रालयसमक्ष सिफारिस गर्न सङ्घीय संसद्को सभामुखको संयोजकत्वमा सम्बन्धित क्षेत्रको विज्ञ एक जना र नेपाल पत्रकार महासङ्घका अध्यक्ष सदस्य रहेको तीन सदस्यीय सिफारिस समिति बनाउने व्यवस्थाका लागि उहाँले प्रस्ताव राख्नुभयो। संशोधनकर्ता सांसद एवं नेपाल कम्युनिष्ट पार्टी( एमाले) का बिजुला रायमाझीले विधेयकको नाम नेपाल सञ्चार परिषद् राख्न सुझाव दिनुभयो।

उहाँले पत्रकारलाई झन्झटबिनाको वातावरण बनाइदिँदा स्वतः स्वनियमन बढ्ने धारणा राख्नुभयो।

संशोधनकर्ता सांसद एवं एमालेका ठाकुरप्रसाद गैरेले नियन्त्रण नभई नियमन गर्नेगरी विधेयक आएको प्रतिक्रिया दिनुभयो।

उहाँले विधेयकमा गलत समाचार सङ्कलन र सम्प्रेषण गरेको ठहरेमा हुने दण्ड र सजायलाई सरलीकृत गर्न सुझाव दिनुभयो।

“पत्रकार आतङ्कित हुने परिस्थिति नबनोस्। काउन्सिलको काम प्रभावकारी, जवाफदेही र समयमा सत्यतथ्य निरुपण भएर पीडितलाई न्यायको अनुभूत गराउनका लागि थप व्यवस्था गरेर जानुपर्छ”, सांसद गैरेले भन्नुभयो।

संशोधनकर्ता सांसद् एवं नेकपा (एकीकृत समाजवादी) का शेरबहादुर कुँवरले काउन्सिलको पदाधिकारी नियुक्तिका लागि मन्त्रालयको सचिवको स्थानमा स्वतन्त्र व्यक्ति हुनुपर्ने धारणा राख्नुभयो। “सरकारको मातहतमा राखेर त्यो क्षेत्र कसरी निष्पक्ष हुन्छ, कसरी हस्तक्षेप हट्छ ? त्यसैले विश्वासको आधार बनाएर जानुपर्छ”, उहाँले भन्नुभयो।

संशोधनकर्ता सांसद एवं एकीकृत समाजवादीका राजेन्द्रप्रसाद पाण्डेले विधेयकले परिस्थितिसमयसापेक्षनियमनकोसुनिश्चितता गर्नुपर्ने आवश्यक औँल्याउनु भयो। “समयसापेक्ष अनलाइन लगायत विद्युतीय माध्यम, छापा पत्रकारितासमेतलाई मर्यादित, जिम्मेवार एवं विश्वासनीय बनाउन स्वच्छ, स्वतन्त्र रूपमा पत्रकारिताको विकास, संरक्षण र नियमनमा ध्यान दिनुपर्छ”, उहाँले भन्नुभयो।

बैठकमा संशोधनकर्ता सांसदहरू डा अमरेशकुमार सिंह, दुर्गा राई र नारायणी शर्माले आआफ्नो संशोधन एवं सुझाव प्रस्तुत गर्नुभएको थियो। उहाँहरूले आमसञ्चारमाध्यम र सञ्चारकर्मीलाई विश्वासयोग्य वातावरण बनाउन र स्वनियमनका लागि ध्यान केन्द्रीत गर्न सुझाव दिनुभयो।

काउन्सिलको बैठकका लागि अध्यक्षबाहेक सदस्यहरूले आकस्मिक बैठक अनुरोध गर्नसक्ने र नियमित बैठक बस्नै पर्नेतर्फ सांसदहरूले ध्यानार्कषण गराउनुभएको थियो।रासस

# एमाले केन्द्रीय कमिटी बैठकमा केन्द्रीय सदस्यले धारणा राख्ने क्रम जारी

काठमाण्डु। नेकपा (एमाले) को नवौँ केन्द्रीय कमिटी बैठक जारी छ।

ललितपुर, च्यासलस्थित एमाले मुख्यालयमा प्रधानमन्त्री एवं पार्टी अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा बसिरहेको बैठकमा केन्द्रीय सदस्यले धारणा राख्ने क्रम सुरु भएको एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले जानकारी दिनुभयो। पार्टी अध्यक्ष ओलीको दोस्रो विधान महाधिवेशनमा प्रस्तुत हुने राजनीतिक प्रतिवेदन, उपाध्यक्ष विष्णुप्रसाद पौडेलको विधान संशोधन प्रतिवेदन र महासचिव शङ्कर पोखरेलको सङ्गठनात्मक प्रस्ताव प्रतिवेदनमाथि केन्द्रीय सदस्यले आआफ्ना धारणा राख्ने क्रम सुरु भएको हो।

अध्यक्ष ओलीले समसामयिक विषयमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। प्रचार विभाग प्रमुख गौतमका अनुसार गण्डकी प्रदेशबाट केन्द्रीय सदस्यले विधान संशोधनका विषयमा धारणा राख्न सुरु भएको छ।हालसम्म केन्द्रीय सदस्यहरू राजीव पहारी, पदम गिरी, रवीन्द्र अधिकारी, सूर्य पाठक, रामशरण बस्नेत, इन्द्रलाल सापकोटा, प्रभा कोइराला, बालकृष्ण काउछा, तिलक महत, नवराज शर्मा र केदार सिग्देलले आफ्नो धारणा राखिसक्नुभएको छ।

उहाँहरूले पार्टी सचिवालय र पोलिटब्युरोबाट सर्वसम्मत निर्णय भएर आएको विधान संसोधन प्रस्तावलाई समर्थन गरेका छन्।रासस

# संस्कृतिमन्त्री पाण्डेद्वारा पशुपति क्षेत्रको अनुगमन

काठमाण्डु। साउनको पहिलो सोमबारको अवसरमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले सोमबार पशुपतिनाथ मन्दिरसहित पशुपति क्षेत्रको अनुगमन गर्नुभएको छ।

पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्का अध्यक्षसमेत रहनुभएका मन्त्री पाण्डेले अनुगमनका क्रममा नेपाल प्रहरी, सशस्त्र प्रहरी, ट्राफिक प्रहरी र अन्य सम्बन्धित निकायद्वारा भक्तजनका लागि गरिएको व्यवस्थाको स्थलगत अवलोकन गर्नुभएको हो। उहाँले दर्शनार्थीसँग समेत कुराकानी गर्नुभयो। दर्शनार्थीले छोटो समयमा सहज र शान्तिपूर्ण रूपमा दर्शन गर्ने वातावरण मिलाइएको प्रतिक्रिया दिएका थिए। यसपालिको साउनमा पहिलेभन्दा राम्रो व्यवस्था गरिएको भक्तजनको अनुभव छ। दर्शनका लागि निःशुल्क बस, लाइन व्यवस्थापन, सुरक्षालगायत सबै पक्ष व्यवस्थित देखिएको रामकोटबाट आउनुभएकी दर्शनार्थी रमा रिमालले जानकारी दिनुभयो। यसले अशक्त तथा ज्येष्ठ नागरिकलाई सहज भएको छ।धार्मिक आस्थाका दृष्टिले साउन महिनाको सोमबार शिवको भक्तिका लागि विशेष दिन मानिन्छ।

यस अवसरमा पशुपतिनाथ मन्दिरलगायत देशभरका शिवालयमा लाखौँ भक्तजनको भीड लाग्ने गर्छ।

भक्तजनको सहज आवागमनका लागि चक्रपथ घुमेर आउने निःशुल्क रुपमा चार वटा बस सेवा सञ्चालनमा ल्याइएको छ। अनुगमनका क्रममा मन्त्री पाण्डेले शान्तिपूर्ण तथा अनुशासित रूपमा दर्शन गरिरहेका भक्तजनप्रति आभार प्रकट गर्दै आगामी दिनमा थप प्रभावकारी व्यवस्थापनका लागि सम्बद्ध निकायलाई सक्रिय रहन निर्देशनसमेत दिनुभएको थियो।

साउन महिनाभर प्रत्येक सोमबार पशुपतिनाथमा भक्तजनको भीड लाग्ने भएकाले सुरक्षा र व्यवस्थापन पक्षलाई अझ चुस्त बनाइने मन्त्रालयले जनाएको छ। संस्कृतिमन्त्री पाण्डे सौर्य एयरलाइन्स दुर्घटनामा ज्यान गुमाएकाको स्मृतिमा लगाइएको पितृमुक्ति ज्ञान महायज्ञसमेत सहभागी हुनुभएको थियो।रासस

# ‘६७ प्यालेस्टिनीलाई इजरेली सेनाले गोली प्रहार गरेर मार्‍यो’

बीबीसी

काठमाण्डु । इजरेली सेनाले उत्तरी गाजामा संयुक्त राष्ट्रसङ्घीय सहायता लिएर आएका ट्रकहरूको प्रतीक्षामा बसेका ६७ जनाको ज्यान लिएको हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले जनाएको छ।

संयुक्त राष्ट्रसङ्घको विश्व खाद्य कार्यक्रम (डब्ल्यूएफपी)ले आफ्ना २५ वटा ट्रकको लस्कर इजरेलबाट सीमा पार गरेर जाँचचौकीबाट अगाडि बढ्नासाथ “भोका सर्वसाधारण मानिसहरूको ठूलो भिड खेप्नुपरेको“ जनाएको छ। डब्ल्यूएफपीका अनुसार उक्त भिडमाथि गोली प्रहार भएको थियो।

इजरेल डिफेन्स फोर्सेस (आईडीएफ) ले “तत्कालको खतरा“ हटाउने उद्देश्यले “चेतावनी दिन केही गोली चलाइएको“ र मृतकको सङ्ख्या त्यति नभएको दाबी गरेको छ। शनिवार हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले गाजामा भोकमरी चुलिएको र बढ्दो सङ्ख्यामा मानिसहरू “निकै थकित अवस्थामा“ आफ्ना केन्द्रहरूमा आइरहेको जनाएको थियो

। “हामी सयौँ मानिसहरू भोकमरीका कारण मृत्युको जोखिममा छन् भन्ने चेतावनी दिन चहान्छौँ,“ उक्त मन्त्रालयले भनेको छ।

संयुक्त राष्ट्रसङ्घले पनि गाजामा सर्वसाधारण मानिसहरू भोकका कारण मरणासन्न भएको भन्दै त्यहाँ तत्काल अत्यावश्यक सामान पठाउन आग्रह गरेको छ। आइतवार मन्त्रालयले विगत २४ घण्टामा “अनिकालका कारण“ १८ जनाको मृत्यु भएको जनाएको थियो। उत्तरी गाजामा मारिएकामध्ये धेरैलाई गाजा सिटीस्थित शिफा अस्पतालमा लगिएको थियो। त्यहाँका चिकित्सकीय निर्देशक डा हसन अल-शाएरले आइतवार बीबीसी अरबिकसँग कुरा गर्दै आफ्नो अस्पतालमा धान्नै नसक्ने सङ्ख्यामा मानिसहरूलाई ल्याइएको बताए।अस्पतालबाहिर एक महिलाले बीबीसी अरबिकलाई भनिन्, “सबै मानिस मर्दै छन्।““बालबालिकाहरू भोकले मरिरहेका छन्, उनीहरूसँग खानका लागि केही पनि छैन। मानिसहरू पानी र



नुनको भरमा बसेका छन्... केवल पानी र नुन,“ उनले भनिन्।

गाजाको नागरिक रक्षा निकायले आइतवार इजरेली पक्षले प्रहार गरेर लागेर ९३ जनाको मृत्यु हुनुका साथै दर्जनौँ मानिस घाइते भएको जनाएको छ। उसका अनुसार उत्तरी गाजामा ८० जनाको, दक्षिणी गाजाको रफाहस्थित एउटा सहायता केन्द्रनजिकै नौ जनाको र खान यूनिसस्थित एउटा सहायता केन्द्रनजिकै चार जनाको मृत्यु भएको छ। गाजा सिटीमा समाचारसंस्था एएफपीसँग कुरा गर्दै कसिम अबु खातेरले आफूले एक थैलो पिठो लिने प्रयास गरेको तर त्यहाँ “डरलाग्दो भिड र धकेकाधकेल“ खेपेको बताए।

“ट्याङ्कहरूले हामीमाथि जथाभावी गोलाबारी गरिरहेका थिए अनि इजरेली सैनिकहरूले जङ्गलमा जनावरहरूको सिकार गरे जस्तै गरी गोली हानिरहेका थिए,“ उनले भने।“मेरै आँखैअगाडि दर्जनौँ मानिसहरू शहीद भए र कसैले कसैलाई बचाउन सकेनन्।“डब्ल्यूएफपीले सहायताको माग गर्ने नागरिकहरूमाथि हुने हिंसालाई “पूर्णतया अस्वीकार्य“ भन्दै उक्त घटनाको निन्दा गरेको छ।

“नब्बे हजार महिला तथा बालबालिकालाई तत्काल उपचारको खाँचो परेकाले कुपोषण बढ्दै गएको छ,“ ’एक्स’मा प्रेषित एउटा विज्ञप्तिमा डब्ल्यूएफपीले भनेको छ। “तीन जनामध्ये झन्डै एक जनाले कैयौँ दिनसम्म खान पाउँदैनन्।“मे महिना अन्त्यतिरदेखि दिनहुँजसो खाद्यपदार्थ खोज्ने क्रममा प्यालेस्टिनीहरू मारिएको समाचार आइरहेका छ। शनिवार दक्षिणी गाजाका दुई सहायता वितरण केन्द्रनजिक इजरेली पक्षले गोली चलाउँदा कम्तीमा ३२ जनाको ज्यान गएको हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले जनाएको छ।

धेरै घटनाहरू अमेरिका र इजरेलसमर्थित विवादास्पद गाजा ह्यूमेनिटेरिअन फाउन्डेशन (जीएचएफ) द्वारा सञ्चालित क्षेत्रहरूनजिकै भएका छन्। जीएचएफले इजरेली सैन्य क्षेत्रमा भएका ठाउँहरूबाट सामान वितरण गर्न निजी सुरक्षाकर्मीहरू प्रयोग गर्छ। तर केही घटनाहरू राष्ट्रसङ्घले ल्याइएका सहायता सामग्रीहरू राखिएका स्थाननजिकै पनि भएका छन् । इजरेली सेनाले मध्यगाजास्थित भिडभाडयुक्त स्थानहरू खाली गर्न उर्दी जारी गरेको छ। ती स्थानमा इजरेली सेनाले हमासविरुद्ध विगत २१ महिनादेखि जारी युद्धमा स्थल कारबाही गरेको छैन।

आईडीएफले आइतवार देअर अल-बलाहका बासिन्दा र त्यहाँ आश्रय लिन पुगेका विस्थापित प्यालेस्टिनीहरूलाई उक्त सहर तत्काल छोड्न र भूमध्यसागरको तटमा अवस्थित अल-मवासीतिर जान भनेको थियो।ठाउँ खाली गर्न दिइएको आदेशले त्यहाँ इजरेलले आक्रमण गर्न लागेको हुन सक्ने सङ्केत गर्छ। त्यसका कारण हजारौँ प्यालेस्टिनीहरू र गाजामा अझै बन्धक रहेका इजरेलीहरूका आफन्तहरू आत्तिएका छन्।आईडीएफले उक्त क्षेत्रमा हवाई हमलाहरू गरेको छ। तर अझै त्यहाँ स्थल सैनिकहरू पठाएको छैन।

आइतवार इजरेली सेनाले आकाशबाट पर्चा खसाल्दै दक्षिणपश्चिम देहर अल-बलाहका विभिन्न जिल्लाका मानिसहरूलाई घर छोडेर दक्षिणतिर जान आदेश दिएको थियो।“इजरेली डिफेन्स फोर्सेसले ठूलो शक्ति लगाएर उक्त क्षेत्रमा शत्रुपक्षको क्षमता र आतङ्ककारी भौतिक संरचना ध्वस्त पार्ने कामलाई निरन्तरता दिएको छ,“ इजरेली सेनाले भनेको छ। उसका अनुसार युद्धका बेला आफ्नो सैनिक उक्त क्षेत्रमा प्रवेश गरेको छैन। देअर अल-बलाहका प्रभावित क्षेत्रमा ठूलो सङ्ख्यामा विस्थापित मानिसहरू पालमा बस्दै आएका थिए।

इजरेली स्रोतहरूले रोएटर्स समाचारसंस्थालाई सेना अहिलेसम्म किन प्रवेश नगरेको भनेर बताएका छन्। उनीहरूका अनुसार ती क्षेत्रमा हमासले इजरेली बन्धकहरू नराखेको अनुमान इजरेली पक्षको छ।अहिलेसम्म गाजामा ५० बन्धक बाँकी छन्। तीमध्ये कम्तीमा २० जना जीवितै भएको ठानिएको छ।गाजा स्ट्रिपको कुल जनसङ्ख्या २० लाखभन्दा बढी थियो। इजरेल र हमासबीच युद्ध सुरु भएपछि त्यहाँबाट अधिकांश मानिस कम्तीमा एक पटक विस्थापित भएका छन् । इजरेलले उक्त क्षेत्रको ठूलो भाग खाली गर्न मानिसहरूलाई बारम्बार निर्देशन दिँदै आएको छ।

अक्टोबर २०२३ मा हमासको नेतृत्वमा इजरेलमा भीषण आक्रमण भएपछि त्यसको जबाफ दिन इजरेलले गाजामा सैन्य कारबाही थालेको थियो। इजरेलमा भएका हमलाहरूमा झन्डै १,२०० जनाको मृत्यु भएको थियो भने केही विदेशी नागरिकसहित २५१ जनालाई बन्धक बनाएर लगिएको थियो।इजरेलले गाजामा गरेका हमलाहरूमा परी झन्डै ५९,००० जनाको मृत्यु भइसकेको हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले जनाएको छ। राष्ट्रसङ्घ र अरू निकायले उक्त सङ्ख्यालाई मान्यता दिने गरेका छन् ।

## संस्कृति र खेलकुदको संगमः

# लुम्बिनी लायन्सको नयाँ लोगो सार्वजनिक

**टुडे समाचारदाता**

काठमाण्डु । लुम्बिनी लायन्सले सोमबार आफ्नो नयाँ लोगो सार्वजनिक गरेको छ । यो लोगो केवल एक ग्राफिक चिन्ह मात्र होइन, यसले टिमको इतिहास,भावना र राष्ट्रिय गौरवलाई प्रतिनिधित्व गर्दछ ।

लुम्बिनी लायन्सका अध्यक्ष ईश्वर बाहादुर जिसीले भन्नुभयो, “यो लोगोले क्रिकेट मैदानमा हाम्रो टिमको शक्तिमात्र होइन, लुम्बिनीको गौरवको पनि पहिचान दिलाउँछ । बुद्धको भूमि लुम्बिनीबाट जन्मिएको यो टिम मैदानमा गर्जन्छ र नेपाललाई विश्वसामु चिनाउँछ ।”

उहाँले थप भन्नुभयो, “लुम्बिनी लायन्सले खेल, संस्कृति र राष्ट्रिय गर्वलाई एउटै प्रतीकमा समेटेको छ ।”

नयाँ लोगोमा भगवान बुद्धको जन्मस्थल मायादेवी मन्दिर, सम्राट अशोकद्वारा ई.पु. २४९ मा स्थपना गरिएको ऐतिहासिक अशोक स्तम्भ, नेपालको राष्ट्रिय झन्डाको रातो रङ, चन्द्र र सूर्यको प्रतीकजस्ता नेपाली पहिचान झल्काउने तत्वहरू समावेश गरिएको छ । सुनौलो अक्षरले लुम्बिनीमा बलिरहेको कहिल्यै ननिभ्ने शान्तिदीपलाई प्रतिनिधित्व गर्दछ ।

वि.सं. २०८१ मा स्थापना भएको लुम्बिनी लायन्सले नेपाल प्रिमियर लिगमा फ्रेन्चाईज टिम उर्जा र उत्साहका साथ प्रस्तुत हुन तयार छ ।नयाँ लोगोको माध्यमबाट नेपाली पहिचान र बुद्धको शान्ति सन्देश बोकेर नेपाली क्रिकेटमा नयाँ अध्याय सुरु गर्ने लक्ष्य लिएको छ ।

# रुसप्रति प्रेम गर्न युक्रेनी बालबालिकालाई बाध्य पार्ने एउटा अभियान

बीबीसी

काठमाण्डु । पूर्वी युक्रेनस्थित रुस नियन्त्रित क्षेत्रका बालबालिकालाई सानै उमेरबाट रुसलाई प्रेम गर्न सिकाइन्छ।

लुहान्स्कस्थित एउटा नर्सरी विद्यालयमा ७० जना भन्दा धेरै बालबालिका कालो र सुन्तले रङ्गको रुसी सेनाको तुल बोकेर अङ्ग्रेजी वर्णमालाको ’जेड’ आकारमा लामबद्ध भएका छन्। उक्त आकारले युक्रेनमाथि रुसको आक्रमणलाई जनाउँछ।

सहरमा सातजना ससाना बालिकाहरू रुसी झन्डाअघि ’आई एम रसियन’ अर्थात् म रुसी हुँ भन्ने चर्को आवाजमा घन्काइने गीतमा हाउभाउसहित प्रस्तुत हुन्छन्। गीत बन्द भएसँगै उनीहरू एकैसाथ “म रुसी हुँ“ भनेर कराउँछन्।

एन्थ्रासाइट भनेर चिनिने एउटा नियन्त्रित नगरमा नर्सरी पढ्ने शिशुहरूले रुसी सैनिकहरूका निम्ति घरबना मैनबत्ती र ब्ल्याङ्केटहरू बनाएका छन्। युक्रेनी राष्ट्रियतालाई मेटाउनु मात्रै होइन, त्यहाँका युवाहरूलाई उनकै देशविरुद्ध जान प्रोत्साहित गर्नु पनि यो अभियानको एउटा हिस्सा हो। केटाकेटीलाई त्यसो गराउन शिक्षकहरूको खाँचो पर्छ तर धेरै युक्रेनी शिक्षकहरू त्यहाँबाट भागिसकेका छन्। त्यसैले मस्कोको सरकारले युक्रेनका नियन्त्रित क्षेत्रमा सरुवा हुन चाहने रुसी शिक्षकहरूलाई एकमुस्ट १८,५०० पाउन्ड दिने प्रस्ताव गर्न थालेको छ।

केटाकेटीहरूलाई प्रभावित गर्न त्यहाँ खटिएको सबैभन्दा ठूलो र शक्तिशाली सङ्गठन भनेको युनार्मिआ (युवा सेना) हो।

रुसी रक्षा मन्त्रालयसम्बद्ध उक्त सङ्गठनले आठ वर्ष देखिका बालबालिकालाई सदस्यका रूपमा स्वीकार्छ।

“हामी उनीहरूलाई केही आधारभूत कौशल सिकाउँछौँ जुन सैन्य सेवामा सामेल हुने निर्णय लिनुपर्दा उनीहरूले उपयोगी ठान्नेछन्,“ दक्षिणपूर्वी युक्रेनको जापोरिजा क्षेत्रमा युनार्मिआको शाखा सञ्चालन गर्दै आएका फिडेल बिक्बुलातोभले भन्छन्।

उनलाई रुसको बश्कोर्तोस्तानबाट त्यहाँ तैनाथ गरिएको हो जहाँ उनी सत्तारुढ संयुक्त रसियन पार्टीको “युथ गार्ड“को नेतृत्व गर्थे। युरोपेली सङ्घले “युक्रेनी बालबालिकाको सैनिकीकरण“का निम्ति युनार्मिआ र व्यक्तिगत रूपमा बिक्बुलातोभमाथि प्रतिबन्ध लगाएको छ। त्यस्तै युक्रेनी बालबालिकालाई “ब्रेनवासिङ“ अर्थात् दिग्भ्रमित तुल्याउने रुसी अभियानको हिस्सा भएकोमा युनार्मिआ यूकेको समेत प्रतिबन्धमा परेको छ।

यस्तो गर्नेमा युनार्मिआ मात्रै छैन।

“मुभमेन्ट अफ द फर्स्ट वन्स“ र “वारिअर“ जस्ता युवाहरूलाई सैन्य र खेलकुदको तालिम तथा देशभक्तिको शिक्षा दिने केन्द्रका राज्यद्वारा प्रायोजित सञ्जालहरू पनि देखा परेका छन् जुन रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको निर्देशनमा खडा गरिएका हुन्।

यी समूहहरूले सोभियतकालिन ’जारनित्स’ जस्ता खेलका प्रतियोगिताहरूको आयोजना गर्छन् जसमा युक्रेनी बालबालिकाहरूले “सामान्य सैन्य ज्ञान, रुस तथा यसको सैन्य इतिहास र हतियार चलाउने कौशल“ प्रदर्शन गर्नुपर्छ। उक्त शिक्षा प्रणालीमा अघि बढेसँगै केटाकेटीहरूलाई पढाउन रुसी भाषाका पाठ्यक्रम र पाठ्यपुस्तकहरूको उपयोग गरिन्छ जसले युक्रेनविरुद्धको रुसी युद्धलाई उचित ठहर्‍याउँछ।

तिनैमध्येको एउटा पुस्तकमा युक्रेन रुसलाई क्षति पुर्‍याउन पश्चिमाहरूद्वारा गरिएको आविष्कार बाहेक केही नभएको र सन् २०२२ मा रुसले युक्रेनमाथि आक्रमण नगरेको भए मानव सभ्यता नै समाप्त हुन सक्थ्यो भन्ने किसिमको चित्रण छ।नियन्त्रित डोनेत्स्क क्षेत्रको एउटा विद्यालय गएकी लिसाले रुस र युएसएसआरको उत्सव मनाउने कार्यक्रमहरूमा विद्यार्थीहरूलाई भाग लिन बाध्य गरिएको स्मरण गरिन्।

“उनीहरूले कुनै किसिमको परेडको तयारी गरिरहँदा म र हाम्रो सिङ्गो कक्षालाई पूरै वर्षभरि हरेक सप्ताहान्तमा त्यहाँ उपस्थित भएर प्रशिक्षण लिन बाध्य तुल्याइन्थ्यो। हामीले पोस्टर समात्नु पर्थ्यो। म समात्दिनँ भन्न सक्दिनथेँ तर त्यो मेरो रोजाइ थिएन। मलाई स्नातक नहुँदासम्म त्यसो गर्नुपर्छ भनिएको थियो,“ उनले भनिन्। “प्रत्येक पटक प्रशिक्षण सुरु भएपछि हाम्री शिक्षिकाले हामीलाई उठाउँथिन्, छातीमा हात राख्न लगाएर रुसी राष्ट्रिय गान सुनाउँथिन् र कण्ठ समेत पार्न लगाउँथिन्।“

हाल अमेरिकामा बसोबास गर्दै आएकी लिसाले आफ्ना अनुभव टिकटकमा पोस्ट गरिरहेकी हुन्छिन्। उक्त विचारधारालाई बढवा दिन रुसी सेनामा सेवारत सैनिकहरूले पनि भूमिका खेल्छन्। विद्यालयमा पुगेर उनीहरूले कथित “बहादुरीको पाठ“ पढाउँछन्। आफ्ना युद्ध गतिविधिलाई बढाइचढाइ गर्नुका साथै युक्रेनी सेनालाई हिंस्रक र अनुशासनहीन “नयाँ नाजीको“का रूपमा चित्रण गर्छन्।

खेअरसन क्षेत्रको नियन्त्रित हिस्साका सत्तारुढ एकीकृत रुसी पार्टीका एक जना अधिकारी पाभेल त्रोप्किन क्रेम्लिनले “विशेष सैन्य कारबाही“ भन्ने गरेको अभियानको उद्देश्यहरूबारे केटाकेटीहरूलाई बुझाउन त्यस्ता प्रशिक्षणहरू सञ्चालन गर्ने गरिएको बताउँछन्।युक्रेनी बालबालिकाहरूलाई रुस तथा उसको “विशेष सैन्य कारबाही“को महिमामण्डन हुने गरी आयोजित विशेष प्रदर्शनी देखाउन विद्यालयबाहिर लगिन्छ।

त्यस्तो भ्रमणका निम्ति जापोरिजा क्षेत्रको एउटा केन्द्रले “रुस- मेरो इतिहास“ र “विशेष सैन्य कारबाहीका नायकहरू“ नामक प्रदर्शनीहरूको आयोजना गर्दैछ।उक्त भ्रमण त्यहीँ रोकिँदैन।

क्रेम्लिनले युक्रेनी बालबालिकामा रुस समर्थित भावना जगाउन रुस भ्रमण गराउने एउटा ठूलो अभियान समेत सञ्चालनमा ल्याएको छ।रुसी संस्कृतिमन्त्री ओल्गा ल्यूबिमोभा “फोर प्लस एटी फाइभ“ नामको एउटै कार्यक्रम अन्तर्गत मात्रै नियन्त्रित युक्रेनी क्षेत्रका २० हजारभन्दा धेरै बालबालिकालाई रुस लगिएको दाबी गर्छिन्।

उक्त कार्यक्रम सञ्चालन गर्ने रुसी निकाय ’रोसकन्सर्ट’का अनुसार उक्त कार्यक्रमले “नयाँ पुस्तालाई एकीकृत रुसी समाजमा एकाकार गराउने उद्देश्य राख्छ।“ “एकाकार गराउने“ रुसको उक्त अभियान त्यहाँसम्म मात्रै सीमित छैन।युक्रेनमाथी आक्रमण थालेयता रुस लगिएका हजारौँ युक्रेनी बालबालिकाहरूलाई फर्किने अनुमति दिइएको छैन।

युक्रेन सरकारका अनुसार १९,००० जनाभन्दा धेरै युक्रेनी बालबालिकाहरूलाई जबर्जस्ती रुस पठाइएको छ। यूके सरकारको अनुमानमा झन्डै ६,००० बालबालिकालाई रुसस्थित “पुनर्शिक्षा शिविर“को एउटा सञ्जालमा स्थानान्तरित गरिएको छ।अन्तर्राष्ट्रिय मानवीय कानुनले यस प्रकारका गतिविधि गर्न रोक लगाएको छ। उदाहरणका निम्ति चौँथो जिनिभा महासन्धिले नियन्त्रणकारी शक्तिले “आफ्नो समूह, सङ्गठन वा त्यसका इकाइहरूमा“ बालबालिकाहरूलाई सामेल गर्न नहुने र कब्जा गरिएका क्षेत्रका स्थानीयलाई आफ्नो सैन्य वा सहायक बलहरूमा जोडिन “दबाव दिने वा प्रचार गर्न नमिल्ने“ भनिएको छ।

सन् २०२३ मा अन्तर्राष्ट्रिय फौजदारी अदालतले बालबालिकालाई गैरकानुनी रूपमा अन्यत्र लगिएको कार्यका निम्ति पुटिनविरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो। पुटिन र उनको सरकारले उक्त आरोपलाई अस्वीकार गरे।युक्रेनविरुद्धको युद्धमा रुसले केवल भूमि मात्रै चाहेको छैन, बालबालिकासहित त्यहाँ बस्ने मानिसहरूमा आफ्नो छापसमेत छाड्न चाहेको छ।

# रहस्य खोतल्न १५ लाख वर्ष पुरानो बरफ पगालिँदै

बीबीसी

काठमाण्डु । वैज्ञानिकहरूले १५ लाख वर्षभन्दा पुरानो रहेको ठानिएको एउटा बरफ पगाल्ने भएका छन्। पृथ्वीको जलवायुबारे अध्ययनका लागि उक्त बरफको ढिक्कालाई यूके ल्याइएको छ।

काँचको सिलिन्डर जस्तै देखिने उक्त ’आइस कोर’ यो ग्रहको सबैभन्दा पुरानो बरफ हो। यो अन्टार्कटिकको बरफ पत्रको भित्री भागबाट निकालिएको हो।

यसभित्र हजारौँ वर्ष पुराना र अहिलेसम्म थाहा नभएका जानकारी रहेको र जलवायु परिवर्तनबारे हाम्रो अहिलेको बुझाइलाई यसले व्यापक हेरफेर गराइदिनसक्ने वैज्ञानिकहरूको दाबी छ।

बरफका ती अमूल्य बाकसहरू हेर्न बीबीसी न्यूजका प्रतिनिधि केम्ब्रिजस्थित ब्रिटिश एन्टार्कटिक सर्भेको -२३ डिग्री सेल्सिअसको तापक्रम रहेको कोठामा प्रवेश गरेका थिए। “यो पृथ्वीको इतिहासको केही पनि थाहा नभएको युगको कुरा हो,“ ब्रिटिश एन्टार्कटिक सर्भेकी आइस कोर विभाग प्रमुख डा लिज थोमस भन्छिन्। कोठाको ढोकामाथि चेतावनी सङ्केत दिने राता बत्तीहरू पिलपिल गरिरहेका छन् र भित्रपट्टि केही गडबड भएको अवस्थामा भाग्नका लागि आपत्कालीन सुरुङहरू छन्। यो कोठाभित्र एक पटकमा १५ मिनेटसम्म मात्रै बस्न पाइने नियम छ र भित्र जाँदा विशेष पोसाक, बुट र पन्जा लगाउन अनिवार्य गरिएको छ।

केही बेरपछि हाम्रो क्यामेराको इलेक्ट्रोनिक सटर जमेर चल्न छोड्यो अनि बरफ जम्दै जाँदा हाम्रा रौँ ठाडा भए।

बरफका बाकसहरू थुपारिएको एउटा ठाउँमा डा



थोमसले हामीलाई सबैभन्दा पुरानो बरफको भित्री भाग देखाइन्। त्यो १५ लाख वर्ष पुरानो भएको ठानिएको छ। तिनीहरू निकै सफा र चम्किला छन्। हामी त्यसको अर्कोपट्टि रहेका हाम्रा हातहरू पनि प्रस्ट रूपमा देख्न सक्छौँ। ठूलो प्रयासबाट निकालिएका बरफहरूलाई वैज्ञानिकहरूको यो टोलीले सात हप्तासम्म बिस्तारै पग्लन छोड्नेछ। बरफ बिलाउँदै जाँदा यसमा च्यापिएर रहेको प्राचीन धुलो, ज्वालामुखीको खरानी र डायटम्स भनिने साना समुद्री झार पनि बाहिर आउने छ।

यी चिजहरूले वैज्ञानिकहरूलाई १० लाख वर्षभन्दा पहिलेको हावाको ढाँचा, तापक्रम र समुद्री सतहको बारेमा थाहा दिन सक्छन्।बरफ पग्लिएर निस्कने तरल पानीलाई ट्यूबहरूले अर्को कोठामा रहेको विश्वकै एक मात्र यस्तो परीक्षण गर्न सकिने प्रयोगशालामा पुर्‍याउँछन्।अन्टार्कटिकाबाट बरफका यी नमुना निकाल्न कैयौँ देशहरूले दशौँ लाख खर्च गरेका थिए। सबैभन्दा पहिले बरफलाई एक मिटर लम्बाइका ब्लकहरूमा काटिएको थियो अनि पहिले पानीजहाज र त्यसपछि चिस्यान सहितको भ्यानमा केम्ब्रिजसम्म ल्याइएको थियो।

पूर्वी अन्टार्कटिकाको कन्कर्डिया नजिकैबाट बरफ निकाल्न इन्जिनियर जेम्स भिएलले सहयोग गरेका थिए। “पन्जा लगाएर हातले सावधानीपूर्वक त्यसलाई निकाल्नु र एउटै टुक्रा पनि त्यसबाट अलग हुन नदिन सावधान भएर काम गर्नु अद्भुत अनुभूति थियो,“ उनी भन्छन्।

जर्मनी र स्विट्जरल्यान्डका दुई वटा संस्थाले पनि २.८ किलोमिटर कुल लम्बाईका बरफका टुक्राहरूमध्ये केही अनुसन्धानका लागि पाएका छन्। यो टोलीले ८ लाख वर्षभन्दा पहिले कार्बन डाइअक्साइडको मात्रा प्राकृतिक रूपमा अहिलेको जति वा अझ बढी हुन सक्ने ठानिएको युगको प्रमाण फेला पार्न सक्ने डा थोमस बताउँछिन्।

यसले वैज्ञानिकहरूलाई हाम्रो वायुमण्डलमा तापक्रम वृद्धि गराउने ग्यासहरू थुप्रिँदा हाम्रो ग्रहले जनाउने प्रतिक्रियाले भविष्यमा कस्ता असर पर्न सक्लान् भन्नेबारे पनि बुझ्न मद्दत गर्न सक्छ।

“हाम्रो जलवायु प्रणाली फरकफरक परिवर्तनको प्रक्रियाबाट यहाँसम्म आइपुगेको छ। हामीले ती फरक फरक प्रक्रियाहरू र परिवर्तनहरू थाहा पाउन पछाडि फर्किएर हेर्नुपर्ने हुन्छ,“ उनी भन्छिन्। प्राचीन युग र अहिलेको युगबीच फरक के छ भने विगत १५० वर्षमा मानिसहरूका कारण तापक्रम बढाउने किसिमका ग्यासहरूको व्यापक उत्पादन भएका छन्।

यसअघिको अवस्थाबारे जानकारीको अभाव भए पनि बरफमा कैद रहेको हाम्रो ग्रहको वातावरणीय इतिहासको अभिलेखले हामीलाई मार्गदर्शन दिन सक्ने वैज्ञानिकहरू बताउँछन्। वैज्ञानिकहरूको टोलीले तरल पदार्थमा रहेका रासायनिक ’आइसोटोप’ पहिचान गरेर ८ लाख देखि १५ लाख वर्ष पहिले र सम्भव भएसम्म त्यसभन्दा पनि अगाडिको समयको हावाको ढाँचा, तापक्रम र वर्षाको बारेमा पत्ता लगाउने अपेक्षा राखेका छन्।

उनीहरूले इन्डक्टिभली कपल्ड प्लाज्मा मास स्पेक्ट्रोमिटर ’आईसीपीएमएस’ उपकरण प्रयोग गरेर बरफमा रहेका २० वटा तत्त्वहरू र ट्रेस मेटलको अध्ययन गर्ने छन्। अध्ययनमा रेअर अर्थ तत्त्वहरू, समुद्री लवण र सामुद्रिक तत्त्वहरूका साथै विगतमा भएका ज्वालामुखी विस्फोटका सूचनाहरू पनि पर्ने छन्।

आजभन्दा ८ लाख देखि १२ लाख वर्ष पहिले भएको ठानिएको ग्रहको हिमनदी चक्रको रहस्यमय परिवर्तनबारे पनि बुझ्न वैज्ञानिकहरूलाई यी बरफले सहयोग पुर्‍याउने ठानिएको छ। यो परिवर्तनलाई वैज्ञानिकहरूले ’मीड-प्लाइस्टसिन ट्रान्जिसन’ भन्ने गरेका छन्।त्यस अघिसम्म प्रत्येक ४१ हजार वर्षमा न्यानो युगबाट चिसो युग आउने र बरफले ढाकिएका क्षेत्र बढ्दै जाने गरेको ठानिएको थियो। तर उक्त परिवर्तन पछि अचानक त्यस्तो सङ्क्रमणको समय १ लाख वर्षमा धकेलियो।

डा. थोमसका अनुसार के कारण यो परिवर्तन भयो भन्ने कुरा जलवायु विज्ञानमा “सबैभन्दा रोमाञ्चक अनुत्तरित प्रश्न“हरू मध्ये एक हो। अन्टार्कटिकाको गहिराइबाट निकालिएको यो बरफले समुद्रको सतह अहिलेभन्दा उच्च र अन्टार्कटिकामा बरफको पत्र अहिलेभन्दा पातलो भएको कुराको पनि प्रमाण बोकेका हुन सक्छन्।

बरफमा रहेका धुलोका कणले बरफको पत्र कसरी पातलिँदै गयो र समुद्रको सतह बढाउन त्यसले कसरी योगदान दियो भन्नेबारे पनि जबाफ दिने ठानिएको छ - जुन यो शताब्दीकै चिन्ताको विषय बनिरहेको छ।

# बाङ्ग्लादेशमा सेनाको विमान विद्यालयमा ठोक्कियो, कम्तीमा १९ जनाको मृत्यु

बीबीसी

काठमाण्डु । बाङ्ग्लादेशमा वायुसेनाको एउटा विमान सोमवार अपराह्ण राजधानी ढाकामा दुर्घटनामा पर्दा कम्तीमा १९ जनाको मृत्यु भएको बीबीसी बाङ्ग्लाले जनाएको छ।वायुसेनाले तालिमका लागि प्रयोग हुने आफ्नो विमान दुर्घटनामा परेको पुष्टि गरेको छ।उक्त विमान उत्तरास्थित माइलस्टोन स्कूल तथा कलेजको भवनमा ठोक्किएको थियो।

दुर्घटनामा परी १०० जनाभन्दा बढी घाइते भएका छन्। बाङ्ग्लादेशको अन्तरिम सरकारका प्रमुखका सहयोगी प्राध्यापक सयेदुर रहमानले हताहत हुने मानिसको सङ्ख्या पुष्टि गरेका हुन्। अधिकांश घाइतेहरू उक्त विद्यालयमा अध्ययनरत विद्यार्थी भएको बताइएको छ। दुर्घटनाका कारण शरीर जलेर घाइते भएका ७३ जनालाई अस्पतालमा भर्ना गरिएको छ। दुर्घटना हुँदा उक्त विद्यालयमा परीक्षा सञ्चालन हुँदै गरेको



त्यहाँका एक विद्यार्थीले बीबीसी बाङ्ग्लालाई बताएका छन्।

“जाँच सकिएपछि म बाहिर उभिएको थिएँ। त्यसपछि मेरो आँखैअगाडि विमान भवनमा ठोक्कियो,“ फरहान हसन समुद्रले भने। उनी १० कक्षाका विद्यार्थी हुन्।उनका अनुसार परीक्षा हलभित्रै भएका उनका एक साथीको मृत्यु भयो। हताहत हुनेमध्ये केही अभिभावकहरू पनि भएको ठानिन्छ ।

“विद्यालयको ढोकाबाहिर धेरै अभिभावकहरू उभिएका थिए, विद्यार्थीहरू पनि बाहिर निस्किँदै थिए,“ समुद्रले भने। सरकारले उक्त दुर्घटनाको कारण पत्ता लगाउन छानबिन गर्ने सरकारका कानुनी सल्लाहकार प्राध्यापक असिफ नजरुलले बताए । घाइतेहरूलाई भेट्न उनी अस्पताल गएका थिए ।

“हामी यो घटनाका कारण निकै दुःखी छौँ । सरकारले मङ्गलवार देशभरि शोक मनाउने घोषणा गरिसकेको छ,“ उनले भने।

# काँकरभिट्टा नाकाबाट २२ अर्ब १६ करोडको कृषिजन्य वस्तु निर्यात




भद्रपुर । प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्र क्वारेन्टिन कार्यालय काँकरभिट्टाबाट गत आर्थिक वर्ष २०८१/८२ मा रु २२ अर्ब १६ करोड ११ लाख ७२ हजार बराबरको कृषिजन्यवस्तु निर्यात भएको छ ।

कार्यालयका सूचना अधिकारी चन्द्रेश्वर ठाकुरका अनुसार निर्यात हुने मुख्य वस्तुहरूमा अलैँची, चिया, प्लाइ तथा भेनियर, अदुवा, अम्लिसोलगायत छन् । गत आवमा सबैभन्दा धेरै चिया रु नौ अर्ब ५५ करोड ८५ लाख, अलैँची रु छ अर्ब ५९ करोड २० लाख, प्लाइ तथा भेनियर रु तीन अर्ब ८५ करोड ७१ लाख, अम्लिसो रु एक अर्ब नौ करोड मूल्य बराबरको निर्यात भएको छ ।

साथै अदुवा रु २७ करोड २६ लाख, बन्दा रु आठ करोड ६० लाख, जडीबुटी रु नौ करोड १३ लाख, मसुरो दाल रु नौ करोड सात लाख बराबरको निर्यात भएको छ । सूचना अधिकारी ठाकुरका अनुसार सोही अवधिमा पूर्वी नाकाबाट रु तीन अर्ब ४६ करोड एक लाख ६६ हजार मूल्य बराबरको कृषिजन्य वस्तु आयात भएको छ ।

आयत हुने मुख्य कृषिजन्य वस्तुमा कोदो, गेडागुडी दलहन, चामल, ताजा तरकारी, ताजा फलफूल, लसुन, आलु, मकै पशु दानालगायत छन् । क्वारेन्टिन कार्यालयको तथ्याङ्कअनुसार कोदो रु १७ करोड ७० लाख ७२ हजार, चामल रु नौ करोड २७ लाख, ताजा तरकारी रु ३८ करोड ३२ लाख मूल्य बराबरको आयात भएको छ । यसैगरी ताजा फलफूल रु ३८ करोड ११ लाख, लसुन रु ६४ करोड १५ लाख, आलु रु ७३ करोड ८६ लाख मूल्य बराबरको आयात भएको क्वारेन्टिन कार्यालयले जनाएको छ ।रासस

# ३७ हजार विदेशी पर्यटकको आगमन

काठमाण्डु । हिमाली जिल्ला मनाङमा विदेशी पर्यटक आगमन बढ्दै गएको छ । मनाङ भ्रमणमा आउने विदेशी पर्यटकको वार्षिकरूपमा बढ्दै गएको हो । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना इलाका कार्यालय मनाङका अनुसार आर्थिक वर्ष २०८१/८२ मा २२ हजार ४७७ पुरुष, १५ हजार २४९ र अन्य छ गरी ३७ हजार ७३२ विदेशी पर्यटकको आगमन भएको छ ।

उक्त इलाकाअन्तर्गत धारापानी पर्यटक चेकपोष्टको तथ्याङ्कअनुसार तीमध्ये दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) राष्ट्रका दुई हजार ५५४ र अन्य राष्ट्रका ३५ हजार १७८ पर्यटकले मनाङ भ्रमण गरेको कार्यालयका प्रमुख ढकबहादुर भुजेलले जानकारी दिनुभयो । आर्थिक वर्ष २०८१/८२ मा १३४ देशका पर्यटकले मनाङ भ्रमण गरेको उहाँले जानकारी दिनुभयो ।

यस आर्थिक वर्षमा सबैभन्दा बढी इजरायलका चार हजार ३५८ नागरिकले मनाङ भ्रमण गरेका भुजेलले बताउनुभयो । फ्रान्सका तीन हजार ६१६ र जर्मनीका दुई हजार ८४२ नागरिकले भ्रमण गरेका छन् । गत वर्षको तुलनामा यस आर्थिक वर्षमा १० राष्ट्रका पर्यटकको आगमन वृद्धि भएको उहाँले बताउनुभयो ।

आर्थिक वर्ष २०८०/८१ मा १२४ राष्ट्रका २२ हजार ३७१ पर्यटकले मनाङ भ्रमण गरेका थिए । यस वर्ष फ्रान्सका नागरिक सबैभन्दा बढी आएको तथ्याङ्कमा उल्लेख छ । यस वर्षमा इजरायली



नागरिकको सङ्ख्या अधिक रहेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "यहाँ आउने पर्यटकको आगमन बढ्ने क्रममा छ । यहाँका स्थानीय कृषि र पर्यटन व्यवसायमा निर्भर छन् । पर्यटकको आगमनले यहाँको आर्थिक स्तर वृद्धि हुनाका साथै राष्ट्रकै अर्थतन्त्रमा सुधार गरिरहेको छ ।"

विश्वको १०औँ स्थानमा पर्ने जोखिमयुक्त पदमार्गका रूपमा रहेको अन्नपूर्ण पदमार्ग मनाङमा नै पर्ने भएकाले पर्यटकको आकर्षण बढ्दै गएको छ । उहाँले भन्नुभयो, "अन्य देशबाट पर्यटक आउने भए पनि इजरायल, फ्रान्स, जर्मनीलगायतका देशका नागरिक बढी आउने गरेका छन् । सङ्ख्याका आधारमा यी राष्ट्रबाट धेरै हुन् । अमेरिका, चीन, रसिया, भारतीय पर्यटक आउने क्रम बढ्दै गएको तथ्याङ्क हामीमा दर्ता भएका छन् ।" मनाङ प्राकृतिक सम्पदाले भरिपूर्ण भएकाले पनि पर्यटकको रोजाइमा पर्ने गरेको उहाँको भनाइ छ ।

आन्तरिक पर्यटक पनि बिदाको समयमा भ्रमणमा आउने क्रम बढ्दो रहेको अन्नपूर्ण क्षेत्र संरक्षण आयोजना कार्यालय मनाङका संरक्षण शिक्षा सहायक भूपेन्द्र गुरुङले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "तीन/चार दिन लगातार बिदा परेको बेलामा मनाङमा आन्तरिक पर्यटकको आगमन बढी भएको पाएका छौँ । भ्रमणमा निस्कने प्रविधि नेपालीमा पनि बिस्तारै बढ्दै गएको छ । विशेषगरी हाल मनाङ भ्रमणका लागि आन्तरिक पर्यटकको रोजाइ बनेको छ ।" आन्तरिक पर्यटकको भने अभिलेख राखिँदैन । तर, पर्यटकको आगमन भने उल्लेख्य हुने गरेका उहाँको भनाइ छ ।

मनाङ आउने अधिकांश पर्यटक तिलिचो ताल हुँदै थोराङ्ला भञ्ज्याङ पार गरी मुस्ताङ निस्कन्छन् भने केही पर्यटक लार्के भञ्ज्याङ हुँदै मनास्लुतर्फ लाग्ने गर्दछन् । आन्तरिक पर्यटकको रोजाइमा तिलिचो ताल पर्ने गरेको मनाङ डिस्याङ गाउँपालिका-९ का वडाध्यक्ष चोल्पा गुरुङले बताउनुभयो । लगातार बिदा भएको समयमा आन्तरिक पर्यटक तिलिचो काललाई मुख्य गन्तव्य बनाएर आउने गरेका पाइएको उहाँले बताउनुभयो ।

दुई समयमा मनाङका पदमार्गमा यात्रा गर्न सकिन्छ । कोभिडको सङ्क्रमण र विसं २०७८ को बाढीपहिरापछि यहाँ पर्यटक आवागमनमा वृद्धि हुँदै गएको छ । हिमाल, पहाडका दृश्य, मनाङवासीको संस्कार, संस्कृति, रीतिरिवाज, प्राकृतिक सुन्दरता हेर्न पर्यटकको आकर्षण र आगमन हुने गर्दछ । साथै अन्नपूर्ण पदमार्गमार्फत पर्यटक मनाङबाट थोराङ्ला भञ्ज्याङ पार गरी मुस्ताङ हुँदै पोखरा पुग्ने गर्दछन् ।

अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङ बेँसीसहर नगरपालिका-७ मनाङ्गे चौताराबाट यात्राको सुरूआत गर्दछन् । अन्नपूर्ण पदमार्गमा लमजुङसहित मनाङ, मुस्ताङ, म्याग्दी र कास्की गरी पाँचवटा जिल्ला जोडिएको छ । काठमाडौँदेखि बेँसीसहरसम्म सवारीसाधनमा पर्यटक आउने गर्दछन् । पछिल्लो समय सडक सञ्जालको सहजताले सवारीसाधनमा नै चामे, खाङ्सारसम्म पुग्ने गरेको पाइन्छ । त्यसपछि मात्रै मुख्य गन्तव्यतर्फ पदमार्गको यात्रा गर्ने गरेका भेटिन्छन् ।रासस

# कालीगण्डकी 'कोरिडोर'को म्याग्दी खण्डमा २६ किलोमिटर कालोपत्र

म्याग्दी । चीन र भारत जोड्ने, राष्ट्रिय गौरवको कालीगण्डकी 'करिडोर', बेनी-जोमसोम-कोरला सडक योजनाअन्तर्गत म्याग्दी खण्डमा २६ किलोमिटर कालोपत्र भएको छ ।

म्याग्दीको सदरमुकाम बेनीदेखि मुस्ताङको सिमानामा रहेको काभ्रेभिरसम्म ३३ किलोमिटरमध्ये २६ किलोमिटरमा कालोपत्र र ढलान भएको बेनी-जोमसोम-कोरला सडक योजना कार्यालयले जनाएको छ ।



योजनाका सूचना अधिकारी इञ्जिनियर विष्णु चापागाईले पहिरो र कटानको समस्या रहेको सात किलोमिटरबाहेकका ठाउँमा ढलान र कालोपत्र भएको जानकारी दिनुभयो । "निर्माण कम्पनीहरूले सम्झौताअनुसार परिमाणको काम सकेकाले ठेक्का टुङ्ग्याउने तयारीमा छौँ," उहाँले भन्नुभयो, "पहिरो र कटानको समस्या भएको ठाउँमा नयाँ ठेक्का प्रक्रियाबाट सडक स्तरोन्नतिको प्रक्रिया अघि बढेको छ ।"

बेनीदेखि मुस्ताङको घाँसासम्मको सडकलाई ११ मिटर फराकिलो बनाएर डिबिएसडी प्रविधिको कालोपत्र गर्न २०७४ सालमा ठेक्का सम्झौता भएको थियो । शर्मा-युनाइटेड जेभीले ठेक्का लिएको राहुघाट-नागढुङ्गा खण्डको १९ किलोमिटर मध्ये १५ किलोमिटर कालोपत्र भएको छ ।

तिल्केनी-घुमाउनेताल-चमेरे खण्डमा थप करिब ५०० मिटर कालोपत्र गर्न तयारी अवस्थामा रहेको शर्मा-युनाइटेडका आयोजना व्यवस्थापक सुमन भट्टराईले बताउनुभयो । भिओ (भेरियसन अर्डर) गर्दा सम्झौता भएको रु ६६ करोडमा २० प्रतिशत लागत बढेको छ ।

शर्मा-गजरमुखीले ठेक्का लिएकोनागढुङ्गा-कैकुखोला खण्डको १६ दशमलव पाँच किलोमिटरमध्ये ११ किलोमिटर कालोपत्र र ढलान भएको निर्माण कम्पनीका आयोजना व्यवस्थापकनरेन्द्रन्यौपानेलेबताउनुभयो। तीन किलोमिटर मुस्ताङमा र बाँकी म्याग्दीमा पर्ने यो खण्डको रु ६३ करोडमा ठेक्का सम्झौता भएको थियो ।

बेनीको कालीपुलमा ८०० मिटर यसै वर्ष, बेनी-गलेश्वर दुई किलोमिटर ८०० मिटर गत वर्ष र गलेश्वरको एक किलोमिटर ३०० मिटर सडक दुई वर्षअघि कालोपत्र भएको थियो । आर्थिक वर्ष २०७३/७४ मा सुरु भएको सडक स्तरोन्नतिको काम आठ वर्षपछि सम्पन्न हुने चरणमा पुगेको हो ।

प्रतिकूल भूगोल, कोरोना महामारी, बाढीपहिरो, नदीजन्य निर्माण सामग्री र निर्माण व्यवसायीको समस्याका कारण लक्ष्यभन्दा पाँच वर्ष ढिला गरी सम्पन्न हुन लागेको अन्नपूर्ण गाउँपालिका-३ का वडाअध्यक्ष रमेश पुर्जाले बताउनुभयो ।

"पहिरो र कटान प्रभावित ठाउँमा रोकथामका साथै सडक स्तरोन्नतिका लागि छुट्टै ठेक्कामार्फत काम गराउन पहल गरेका छौँ," उहाँले भन्नुभयो, "बेनी-जोमसोम सडकको म्याग्दी खण्डमा यात्रा गर्न यसअघि चारदेखि पाँच घण्टा लाग्ने गरेकामा अहिले एकै घण्टामा छोटिएको छ ।"

अन्नपूर्ण गाउँपालिका-३ रूपसे र लाटोखोला क्षेत्रको एक किलोमिटर ढलान, गुइँठे, खामभित्ता क्षेत्रको पहिरो रोकथामका लागि ठेक्का आह्वानको तयारी भएको योजना कार्यालयले जनाएको छ । विसं २०६४ मा मार्ग खुलेको यो सडकलाई ११ मिटर फराकिलो बनाएर कुना र डिलतर्फ टेवा पर्खाल, नाली निर्माण, ग्रेड तथा मोड सुधार गरिएको छ ।

म्याग्दीको राहुघाट, बेगखोला, महभिर र पोखरेबगर स्थित कालीगण्डकी, दानाको घट्टेखोलामा मोटरेबल पुल निर्माण, भुरुङखोला र रूपसेखोलामा 'बेलिब्रिज' जडान भएको छ । भारत र चीनलाई जोड्ने ४३५ किलोमिटर दूरीको कालीगण्डकी करिडोर सडकलाई गण्डकी प्रदेशको लाइफ लाइन (भाग्यरेखा) मानिएको छ ।

पर्वतको मालढुङ्गाबाट म्याग्दी हुँदै मुस्ताङस्थित चीनको सिमाना कोरलानाका जोड्ने २०२ किलोमिटर दूरीको सडक दुई लेनको कालोपत्र र ग्राभेल बनाउन विसं २०७३/७४ देखि सुरु भएको योजनाको हालसम्म करिब ९० प्रतिशत भौतिक प्रगति भएको छ ।रासस

# सिद्धार्थ बैंकका ग्राहकहरुलाई जावेद हबीब हेयर एण्ड ब्युटी सैलूनमा छुट

**टुडे समाचारदाता**

काठमाण्डु । सिद्धार्थ बैंक र जावेद हबीब हेयर एण्ड ब्युटी सैलूनबिच बैंकका ग्राहक महानुभावहरुलाई विभिन्न सेवामा छुट प्रदान गर्ने सम्बन्धी सम्झौता भएको छ ।

SiddharthaBank
सम्बन्ध सधैंभरिलाई

सम्झौता अनुसार, ठमेल, छायाँ सेन्टर, काठमाडौंस्थित जावेद हबीब हेयर एण्ड ब्युटी सैलूनमा ग्राहकहरूले सम्पूर्णसेवाहरूमा डेबिट कार्ड प्रयोग गरेमा १५५छुट र क्रेडिट कार्ड प्रयोग गरेमा २५५सम्मको छुट प्राप्तगर्न सक्नुहुनेछ । यस सम्झौताले ग्राहकहरुलाई छुटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जानपनि उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ । यस समन्वयको बारेमा थपजानकारीका लागि बैंकको २४ सै घण्टा सञ्चालनमा रहने ग्प्रहक सेवा केन्द्र, 'सिद्धार्थ केयर' मा सम्पर्क गर्न सक्नुहुनेछ ।


मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
सपही, धनुषा
मधेश प्रदेश, नेपाल

**मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८२।०४।०६

यस निर्देशनालयको लागि आ.व. ०८२।८३ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०८०/०८१ को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८१/०८२ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८१/०८२ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी समयमै नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम


# कराते खेलाडी अकबरे खुर्सानीखेतीमा व्यस्त

म्याग्दी । म्याग्दीको धवलागिरि गाउँपालिकामा मल्चिङ प्रविधिको प्रयोग गरेर पहिलो पटक अकबरे जातको खुर्सानी खेती भएको छ । धवलागिरि -७ शिवाङको धौलागिरि कृषि तथा पशुपक्षी फार्मका सञ्चालक ओमराज मगरले छ रोपनी बारीमा खुर्सानीखेती गर्नुभएको छ ।

"खुर्सानी लगाएको ठाउँमा झार पलाउन नदिनका लागि बोट उम्रने बाहेकका जमिनमा प्लास्टिकले छोप्ने मल्चिङ प्रविधि अपनाएको हो," उहाँले भन्नुभयो "प्लास्टिकले झार उम्रन नदिने र बिरुवाले पर्याप्त पोषकतत्व पाएर उत्पादन राम्रो हुने भएकाले तरकारी खेतीमा यस्तो प्रविधिको प्रभावकारी भएको छ ।"

समुद्री सतहदेखि दुई हजार मिटर उचाइमा अवस्थित शिवाङमा यसअघि दुई वर्ष परीक्षण गरेर यसपालीदेखि खुर्सानीको व्यावसायिक खेती सुरु गरेको उहाँले बताउनुभयो । खुर्सानी खेतीका लागि उहाँले रु दुई लाख ५० हजार लगानी गर्नुभएको छ ।

धवलागिरिमा यसअघि व्यावसायिक रुपमा अकबरे जातको खुर्सानीखेती नभएको गाउँपालिकाको कृषि शाखाका प्राविधिक अमृत थापाले बताउनुभयो । घरायसी प्रयोजनको लागि मात्र खुर्सानी खेती हुदै आएको थियो । बजारको सम्भावना भएकाले अकबरे खुर्सानीखेती गरेको किसान मगरले बताउनुभयो ।

स्थानीय बजारमा प्रतिकिलो रु दुई सय ५० का दरले अकबरे खुर्सानी बिक्री हुन्छ । म्याग्दीमा हाल तराई र पूर्वी पहाडी जिल्लाबाट अकबरे खुर्सानी आयात हुनेगर्छ । दिउँसो २२ देखि २५ डिग्री सेल्सियस र राति १५ देखि २० डिग्री सेल्सियस तापक्रम हुने उच्च पहाड र तराईको भूगोलमा अकबरे खुर्सानी खेती गर्न सकिन्छ ।

तीस वर्षीय मगरले वैदेशिक रोजगार र परम्परागत खेतीको विकल्पमा खुर्सानीका साथै किवीखेती, कुखुरा र बाख्रापालन गरेर स्वरोजगार बन्नुभएको छ । मगर कराते खेलका खेलाडी हुनुहुन्छ ।रासस

# अम्रिसोखेतीबाट आम्दानी गर्दै कञ्चनपुरको चुरेफेदको सामुदायिक वन

कञ्चनपुर । कृष्णपुर नगरपालिका-१ दोमिल्लास्थित ऐश्वर्या सामुदायिक वन उपभोक्ता समूहले अम्रिसोखेतीलाई आयआर्जनको दिगो माध्यम बनाउँदै आएको छ ।

वनको झण्डै ३५ हेक्टर क्षेत्रफलमा व्यावसायिक रूपमा अम्रिसोखेती गर्दै समूहले वन संरक्षणसँगै आर्थिक समृद्धि हासिल गरिरहेको छ । वन कार्यालयका सचिव दामोदर जोशीका अनुसार सामुदायिक वनमा करिब डेढ दशकअघि सुरू गरिएको अम्रिसोखेतीलाई पछिल्लो छ वर्षदेखि व्यवस्थित र व्यावसायिक बनाइएको हो ।

"गएको असारसम्म सात हजार कुचो बिक्री गरेर रु तीन लाखभन्दा बढी आम्दानी गर्‍यौँ", जोशीले भन्नुभयो, "अघिल्लो वर्ष कुचो बिक्रीबाट रु दुई लाख मात्र आम्दानी भएको थियो ।"

वनबाट सङ्कलन गरिएको अम्रिसोबाट स्थानीय उपभोक्तालाई रोजगारी दिइएको छ । "अम्रिसो सङ्कलनदेखि उपभोक्तालाई नै झाडु (कुचो) बनाउन लगाइन्छ", जोशीले भन्नुभयो, "प्रत्येक झाडु बनाउँदा उनीहरूले रु १५ पारिश्रमिक पाउँछन् भने बजारमा रु ५० देखि ७० सम्ममा बिक्री हुन्छ ।"

समूहका अध्यक्ष इश्वर बुढाका अनुसार बजारमा अम्रिसोको झाडुको माग उच्च छ । स्थानिय बजारमै सहज बिक्री हुन्छ । यद्यपि वन क्षेत्रमा अम्रिसोखेतीको क्षेत्र विस्तारका साथसाथै जङ्गली हात्तीको समस्या पनि बढ्दै गएको छ ।

"हात्तीले नोक्सानी गर्दा यस वर्ष केवल रु तीन लाख बराबरको झाडु मात्र बिक्री हुन सक्यो", अध्यक्ष बुढाले भन्नुभयो, "अम्रिसोको आकर्षणले गर्दा हात्तीको बथान बस्ती छिर्न थालेको छ, त्यसैले अम्रिसोखेतीलाई चुरे क्षेत्रतर्फ सार्ने योजना बनाएका छौँ ।" हात्तीले नोक्सान नगर्ने हो भने रु १५ देखि रु २० लाखसम्मको झाडु उत्पादन गर्न सकिने अध्यक्ष बुढाले बताउनुभयो ।

समूहको दीर्घकालीन योजनामा चुरे क्षेत्रका खोल्सा तथा समथर भूभागलाई अम्रिसोखेतीयोग्य बनाउने लक्ष्य रहेको छ । कुचो बिक्रीबाट आएको रकम वन संरक्षणका विविध कार्यमा लगानी गरिएको छ । मेसवायर जडान, फलफूल र बाँसका नमूना प्लट विकास, उपभोक्ताका लागि आयआर्जनमूलक तालिम तथा कार्यक्रम सञ्चालन गर्दै वन संरक्षणलाई संस्थागत बनाइँदै आएको छ ।

विसं २०५८ मा स्थापना भएको सो सामुदायिक वन हाल तीन सय ९७ हेक्टर क्षेत्रफलमा फैलिएको छ । वनसँग ८१६ उपभोक्ता आबद्ध छन् । आम्दानी, रोजगारी, संरक्षण र समुदायबीचको सहकार्यको सफल नमूना बनेको यो वन अन्य सामुदायिक वनका लागि पनि प्रेरणाको स्रोत बन्दै गएको सामुदायिक वन समन्वय समितिकाका अध्यक्ष महेशदत्त जोशी बताउनुहुन्छ ।रासस

# बजार ठेक्काको विषयमा झडप

टुडे समाचारदाता

महोत्तरीको गौशाला नगरपालिका-५ मा रहेको गोरु तथा खसी बजारको ठेक्का र राजस्व संकलनको विषयलाई लिएर दुई पक्षबीच भएको झडपमा वडाध्यक्षसहित चार जना घाइते भएका छन् ।



इलाका प्रहरी कार्यालय गौशालाका अनुसार सोमबार बिहान ठेक्का रकम संकलनका क्रममा नगरपालिका पक्ष र निगौल गाई गौशालाको पक्षधरबीच विवाद चर्किएपछि हात हालाहाल भएको थियो।

झडपका क्रममा गौशाला नगरपालिका वडा नं. २ का अध्यक्ष श्यामकुमार मण्डल, स्थानीयवासी विपिन साह, विजय यादव र सुरेन्द्र महतो घाइते भएका हुन् । उनीहरूमध्ये अध्यक्ष मण्डल र विजय यादवको अवस्था गम्भीर रहेकाले थप उपचारका लागि काठमाडौं रेफर गरिएको जनाइएको छ ।

स्थानीयका अनुसार विवादको मूल कारण गोरु तथा खसी बजारको ठेक्का र त्यसबाट उठाइने राजस्व हो। गौशाला नगरपालिका र निगौल गाई गौशालाले आ-आफ्नो तर्फबाट बजार ठेक्कामा लगाउने प्रयास गर्दा द्वन्द्व उत्पन्न भएको हो । निगौल गाई गौशालाले आफ्ना कर्मचारी खटाएर राजस्व संकलनको प्रक्रिया अगाडि बढाइरहँदा नगरपालिकाले त्यसमा अवरोध पुऱ्याएको इलाका प्रहरी कार्यालय गौशालाले जनाएको छ ।

यसअघि, वि.सं. २०७० मा निगौल गाई गौशालाको व्यवस्थापन कार्यालय र तत्कालीन गौशाला गाविसबीच भएको सम्झौताअनुसार गोरु तथा खसी बजारको ठेक्काबाट उठेको कुल रकमको २५ प्रतिशत गौशालालाई उपलब्ध गराउने सहमति भएको थियो । तर, सो सम्झौता आर्थिक वर्ष २०७३/०७४ मै टुटे पनि गौशाला नगरपालिकाले सोही जग्गामा वर्षेनी बिना सम्झौता पशु बजार सञ्चालन गर्दै आएको निगौल गाई गौशालाको आरोप छ ।

गौशालाको नाममा रहेको २ बिघा १९ कठ्ठा ११ धुर जग्गामा नगरपालिका कार्यालयले बजार सञ्चालन गर्दै आएको र सम्झौताअनुसारको रकम नदिई उल्टै जबर्जस्ती ठेक्का लगाउँदै आएको गुनासो निगौल गाई गौशालाले गरेको हो । राष्ट्रिय सहकारी नियमन प्राधिकरणका प्रशासकीय अधिकृत कान्ती कुमारी पाण्डेका अनुसार गौशालासँग बाँकी रहेको ५ करोड रुपैयाँभन्दा बढी रकमको तिर्न बारम्बार ताकेता गर्दा पनि नगरपालिकाले कुनै प्रतिक्रिया नदिएको आरोप छ ।

सो घटनापछि सुरक्षास्थितीलाई नियन्त्रणमा लिनका लागि प्रहरी बल परिचालन गरिएको थियो । अहिले बजार क्षेत्रमा प्रहरीको बाक्लो उपस्थिति रहेको थियो भन अहिले अवस्था सामान्य भएको छ ।

यता गौशाला नगरपालिकाका नगरप्रमुख दीपेन्द्र महतोले बजार स्थानीय सरकारको रहेको भन्दै नगरपालिकाको चालेको कदम वैधानिक रहेको बताए । उनले केही विपक्षी दलले गाई गौशालालाई उक्साएर झडपको अवस्था सिर्जना गरेको आरोप समेत लगाए ।

# पालिकाको वेबसाइट उपयोगविहीन

**नगरपालिकाबाट प्रदान गरिने आधारभूत सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी विद्युतीय शासनको प्रयोग गर्नेतर्फ सूचना प्रविधि अधिकृत अग्रसर नरहेको गुनासो स्थानीयवासीको गुनासो छ ।**

टुडे समाचारदाता

रौतहट । पालिकाको वेबसाइट उपयोगविहीन हुँदा जनगुनासो बढेको छ ।

सूचना प्रविधिको प्रयोग बढाई स्थानीय तहमा सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यले हरेक स्थानीय तहमा सूचना प्रविधि अधिकृत नियुक्त भए पनि रौतहटमा उद्देश्य अनुसार काम नहुँदा स्थानीय तहको वेबसाइट नै उपयोगविहीन भएको जनगुनासो बढेको छ ।



अधिकृत सातौं तहको दरबन्दी अनुसारको सेवा सुविधामा देशभर ७५३ वटै स्थानीय तहमा सूचना प्रविधि अधिकृत रहे पनि रौतहटमा परियोजनाले लिएको लक्ष्य हासिल हुन नसकेको गौर-५ का बजरङ्गी गुप्ताले जानकारी दिए ।

उनका अनुसार नगरपालिकाको सूचना तथा सेवामा आमजनताको पहुँच एवं पारदर्शितामा वृद्धि गर्ने कार्यका लागि सूचना प्रविधि अधिकृत नियुक्त भए पनि नागरिकले खोजेको एउटा पनि सूचना तथा जानकारी वेबसाइटमा अपलोड भएको देखिँदैन । दुर्गा भगवती गाउँपालिका-३ का ऋषिराज झाले नगरपालिकाको कामकारबाहीलाई पेपरलेस गराउने कार्यमा सहयोग पुऱ्याउन सूचना प्रविधि अधिकृतको भूमिका हुनुपर्नेमा त्यसो हुन नसकेको बताए ।

नगरपालिकाबाट प्रदान गरिने आधारभूत सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी विद्युतीय शासनको प्रयोग गर्नेतर्फ सूचना प्रविधि अधिकृत अग्रसर नरहेको गुनासो स्थानीयवासीको गुनासो छ ।

रौतहटका १८ स्थानीय तहमध्ये राजदेवी र फतुवा विजयपुर नगरपालिकाबाहेक कसैले आर्थिक वर्ष २०८१/८२ को रातो किताब वेबसाइटमा अपलोड गरेका छैनन् । चन्द्रपुर नगरपालिकामा कार्यरत सूचना प्रविधि अधिकृत राजेश सागरका अनुसार पालिकाले उपलब्ध गराएको डाटा वेबसाइटमा अपलोड गर्ने गरेको बताए । दुर्गाभगवती गाउँपालिकाका सूचना प्रविधि अधिकृत लखिन्द्र ठाकुरका अनुसार पालिकाले डाटा उपलब्ध गराउन आनाकानी गर्ने गरेको, सामान्य सूचनाबाहेक अन्य उपलब्ध नगराउने गरेको तथा पालिकाको आर्थिक तथा प्रशासनिक गतिविधिमा सूचना प्रविधि अधिकृतलाई सहभागी नगराउनाले आन्तरिक सुशासनमा कमी देखि लिएर पालिकाप्रति जनताको विश्वासमा कमी आएको बताए ।

जनतासँग सरोकार राख्ने दस्ताबेज उपलब्ध नहुनाले वेबसाइटमा कुनै डाटा राख्न नपाएको गरुडा नगरपालिकाका सूचना प्रविधि अधिकृत परमानन्द साहले जानकारी दिए । रौतहटका १८ वटा स्थानीय तहमध्ये १४ वटामा सूचना प्रविधि अधिकृत कार्यरत रहेको र चार वटा स्थानीय तह सूचना प्रविधि अधिकृतविहीन रहेको प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम मधेश प्रदेशका कार्यक्रम निर्देशक उद्धवप्रसाद रिजालले बताए । वेबसाइटमा आवश्यक सबै डाटा राख्ने व्यवस्थाका लागि चालु आर्थिक वर्षमा स्थानीय तहसँग समन्वय गर्ने, सूचना प्रविधि अधिकृतलाई समेत सक्रिय बनाउनेलगायतका कार्यमा विशेष जोड दिइने निर्देशक रिजालले बताए ।

यसै सम्बन्धमा वीरगञ्ज-९ का प्रकृति कर्णले स्थानीय सरकारले बनाएको कानुन स्थानीय सरकारको सम्बन्धित वेबसाइटमा उपलब्ध नगराइ नागरिकको सहज पहुँच हुन नसकेको र सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६४, सरकारी कार्यालयको वेबसाइट निर्माण तथा व्यवस्थापनसम्बन्धी निर्देशिका २०७८ तथा नेपालको संविधानको धारा २७ समेत विपरीत रहेका कारण देखाई रौतहट, बारा र पर्साका ४८ वटै स्थानीय तहलाई विपक्षी बनाइ वेबसाइटमा कानुन अपलोड गर्ने आदेशका लागि उच्च अदालत जनकपुर अस्थायी इजलाश वीरगन्जमा मुद्दा दायर गरेको छ ।

## तीर्थयात्रीबीच झडप हुँदा एकको मृत्यु



टुडे समाचारदाता

जनकपुरधाम।सिन्धुलीको दुधौली नगरपालिकामा तीर्थयात्रीहरूबीच भएको झगडा हुँदा चक्कु प्रहार भएको छ । सो झडपमा परी एक जनाको मृत्यु भएको छ ।

दुधौली नगरपालिका-२ स्थित मधुगंगा महादेव मन्दिर परिसरमा दर्शन गर्न पुगेका तीर्थयात्रीहरूबीच भएको झगडामा चक्कु प्रहारमा एक जनाको मृत्यु भएको छ । सोमबार मन्दिर नजिकै डाँडामा रहेको एक चिया पसलमा १० जनाभन्दा बढी तीर्थयात्री बसिरहेका बेला विवाद भई झडप भएको प्रत्यक्षदर्शीहरूले बताएका छन् । जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रमुख लालध्वज सुवेदीले घटनास्थल पुगेर जानकारी दिँदै झगडाका क्रममा चक्कु प्रहारबाट एक तीर्थयात्रीको ज्यान गएको पुष्टि गरेका छन् । मृतकको पहिचान भने खुल्न सकेको छैन ।

झगडापछि चक्कु प्रहार गर्ने व्यक्तिहरू जंगलतर्फ भागेका थिए । प्रहरीले हत्यामा संलग्नहरूको खोजी कार्य जारी राखेको छ भने शवलाई पोस्टमार्टमका लागि सिन्धुली अस्पताल उपचार भइरहेको छ ।

# आत्महत्या दुरुत्साहनका एक अभियुक्त पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिका-८ स्थित जमुनिबासमा एक शिक्षिकाको आत्महत्यामा उक्साहट दिएको अभियोगमा राजकिशोर यादव पक्राउ परेका छन् ।




मृतक ३४ वर्षीया विमला कुमारी ध्रोङचिङ मगर जनता राष्ट्रिय आधार भूत विद्यालय, जमुनिबासमा कार्यरत थिइन् । साउन १ गते एकाविहानै उनी विद्यालयकै शिशु कक्षाकोठामा झुण्डिएको अवस्थामा फेला परेकी थिइन् ।

धनुषा प्रहरीका अनुसार विमलाले केही वर्षअघि राजकिशोर यादवसँग तीन लाख बीस हजार रुपैयाँ ऋण लिएकी थिइन् । सो रकम चुक्ता गरेपनि यादवले चेकमार्फत ४५ लाख रुपैयाँको दाबी गर्दै उनलाई बारम्बार मानसिक यातना दिँदै आएका थिए । प्रहरीले बरामद गरेको आत्महत्या नोटमा उनले चेकको दबाब, बेइज्जती गर्ने धम्की र सामाजिक दबाबले आफू आत्महत्या गर्न बाध्य भएको उल्लेख गरेकी थिइन् ।

घटनापछि प्रहरीले अभियुक्त राजकिशोर यादवलाई साउन २ गते बिहान ११ बजे जनकपुरधाम उपमहानगरपालिका-९ बाट पक्राउ गरेका थिए ।

यादवको निवासबाट प्रहरीले विभिन्न व्यक्तिहरूको नाममा लेखिएका नऊ वटा कपाली तमसुक, तेईसवटा सक्कल जग्गाधनी प्रमाणपत्र, साथै बैंक भौचर र चेकहरू समेत बरामद गरेको छ ।

प्रहरीले घटनालाई आत्महत्या दुरुत्साहनको गम्भीर अपराध मानेर अनुसन्धानलाई तीव्रता दिएको जनाएको छ ।

# प्रहरीको नाममा रकम असुल्ने एकजना पक्राउ

टुडे समाचारदाता




जनकपुरधाम । धनुषा प्रहरीले प्रहरीको नाउँमा सेवाग्राहीहरूसँग रकम असुली गरेको आरोपमा एकजनालाई पक्राउ गरेको छ ।

जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमार्फत धनुषा प्रहरीले जनकपुरधामस्थित भैरव चोकबाट सतेन्द्रकुमार साहलाई पक्राउ गरेको जनाएको छ ।

साउन ४ गते आइतबार जनकपुरधाम उपमहानगरपालिका-४ स्थित भैरव चोकमा ३७ वर्षीय साहलाई प्रहरीको नाम प्रयोग गरी सर्वसाधारणसँग पैसा मागिरहेको भन्ने सूचना प्राप्त भएपछि जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको प्रहरी टोली घटनास्थलमा पुगेको थियो ।

प्रहरी टोलीले घटनास्थलबाटजनकपुरधाम उपमहानगरपालिका-८ का सतेन्द्र कुमार साहलाई नियन्त्रणमा लिएको जनाएको छ । उनलाई नियन्त्रणमा लिएपछि जिल्ला प्रहरी कार्यालयमा ल्याइ थप अनुसन्धान कार्य अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

धनुषा प्रहरीले यस किसिमको गतिविधि गैरकानुनी र जनताको विश्वासमा प्रहार गर्ने भन्दै सतर्क रहन आग्रह गरेको छ । यस घटनासम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

# मारवाडी मञ्चद्वारा स्वास्थ्य शिविर

टुडे समाचारदाता

जनकपुरधाम । साउने सोमबारी मनाउने र बोलबम जाने श्रद्धालुहरुका लागि मारवाडी युवा मञ्च जनकपुरले स्वास्थ्य शिविरको आयोजना गरेको छ । श्रद्धालुहरुकालाई जुस, सर्वत र खानेपानी पनि मञ्चले वितरण गरेको छ ।

मारवाडी युवा मञ्चका कार्यक्रम संयोजक विकास गोयलका अनुसार आइतबार साँझ धनुषाको ढल्केवरमा टुटेश्वर मन्दिर जाने बोलबम भक्तजनका लागि स्वास्थ्य शिविरको आयोजना गरिएको थियो । सोमबार भने जनकपुरको कपिलेश्वर मन्दिर जाने श्रद्धालुहरुका लागि स्वास्थ्य शिविर र जुस, सर्वत, पानी वितरण गरिएको गोयलले जानकारी दिए ।

ढल्केवर र जनकपुरमा बोलबमका लागि आयोजना गरिएको स्वास्थ्य शिविरमा सयौंले सेवा लिएको मारवाडी युवा मञ्च जनकपुरका अध्यक्ष राहुल सिंघानियाले बताए।




**सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरु ।**

- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- झारफुकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरिपरी सर्प बस्न सक्ने सम्भावित ठाउँको पहिचान गरी तिनलाई नष्ट गरौं,
- रातको समयमा बुट लगायर टर्च लाईट बालेर मात्र हिडौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगायर खाटमा मात्र सुतौं।

**सर्पको टोकाईबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# पुरुषको हत्या गर्ने युवती पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाममा एक पुरुषको एक युवतीले योजनावद्ध ढंगले हत्या गरेकी छन् ।

सामाजिक सञ्जालमार्फत प्रेम र शारीरिक सम्बन्धमा तीन वर्षदेखि रहेकी जनकपुरधामस्थित एक होटेलमा संगै रात गुजारेकी ती युवतीले योजनावद्ध ढंगले पुरुषको हत्या गरेकी छन् ।

महोत्तरीस्थित महोत्तरी गाउँपालिका-१ स्थित पर्सा टोलका ३२ वर्षीय बिमलेश यादवको हत्या गरेको आरोपमा जुली झालाई धनुषा प्रहरीले पक्राउ गरेको छ ।

महोत्तरीकै बनौटा घर भएकी २१ वर्षीया जुली झा बिमलेशको हत्या आरोपमा पक्राउ गरेको धनुषा प्रहरीले जनाएको छ ।

अभियुक्त झाले प्रहरी बयानमा भनेकी छन्,'मसँग दुई वटा विकल्प बाँकी थियो, पहिलो- कि मैले आत्महत्या गर्नुपर्थ्यो, दोस्रो भनेको कि उसलाई मार्नुपर्थ्यो, मैले दोस्रो विकल्प रोजेँ ।' उनको बयान सुनेर अनुसन्धानमा खटिएका प्रहरी समेत चकित परेका छन् । किन हत्या गरेको ? भन्ने प्रश्नमा झाले भनिन्, 'हामीबीच तीन वर्षअघि शारीरिक सम्बन्ध थियो, बिमलेशले हाम्रो शारीरिक सम्बन्धको फोटो र भिडियो बनाएर पटकपटक देखाएर मलाई पटक-पटक ब्ल्याकमेलिङ गरेर सम्बन्ध राख्यो ।'

बिमलेशले फेसबुकको फेक आईडी बनाएर आफ्ना परिवार र साथीलाई समेत शारीरिक सम्बन्धको फोटो र भिडियो पठाएर आफ्नो चरित्रहत्या गरेको आरोप अभियुक्त झाको छ ।

उनले भनिन्, 'पहिला हामी फेसबुकबाटै एकअर्कासँग नजिक भएका थियौं, सहमतिमै शारीरिक सम्बन्ध भएको', जुलीले प्रारम्भिक बयानमा भनेकी छन्,'बिमलेशले हाम्रो सम्बन्धको फोटो र भिडियो खिचेको रहेछ, पछि मलाई त्यही देखाएर पटक-पटक शारीरिक सम्बन्ध राख्न बाध्य पाऱ्यो ।'

जुली धनुषामा बसेर स्नातक पढ्दै आएकी छन् । घटना भएको दिन यही साउन ३ गते पनि बिमलेशले जुलीलाई गेष्ट हाउसमा बोलाएका थिए ।

राति जनकपुरधामस्थित एसपी गेष्ट हाउसमा बिमलेश र जुलीसंगै रात विताइन् । तर अबेर रातमा मौका पाएपछि जुलीले बिमलेशमाथि होटलको तरकारी काट्ने छुरा प्रहार गरेकी थिइन् । चक्कु प्रहार गरेपछि बिमलेश छट्पटिए र जुलीले छतबाट खसालेका थिए ।




सो लगत्तै स्थानीय प्रहरीलाई खबर पुगेको थियो । प्रहरी चौकी जिरोमाइलबाट प्रहरी पुग्दा बिमलेश नग्न र रगताम्य अवस्थमा भुइँमा छट्पटाइरहेको अवस्थामा फेला परेका थिए । प्रहरीले राति नै घाइते बिमलेशलाई प्रादेशिक अस्पताल जनकपुरधाममा उपचारका लागि लगेको थियो । तर उपचारकै क्रममा साउन ४ गते बिहान सात बजेर ४५ मिनेटमा बिमलेशको मृत्यु भएको थियो ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक नरहरि रेग्मीले अनुसन्धानका क्रममा गेष्ट हाउसको सीसीटीभी समेत हेरिएको जनाउँदै सो सीसीटीभीमा कैद भएको दृश्य अनुसार साउन ३ गते राति ९ बजेर ५० मिनेटमा बिमलेश र जुली बा ४५ प ४५८६ नम्बरको मोटरसाइकल चढेर गेष्ट हाउसको मुख्य प्रवेशद्वारबाट प्रवेश गरेका बताए । उनले होटलभित्र छिरेर आफ्नो नाम इन्ट्री गराउँदा शनि यादव भनेर लेखाएका थिए । एसपी रेग्मीका अनुसार बिमलेश साउन ४ गते बिहानको दुई बजेर ५७ मिनेटमा नग्न अवस्थामा होटलको पहिलो तलाबाट रगताम्य अवस्थामा भुइँमा खसेको सीसीटीभी फुटेजमा देखिन्छ ।

प्रहरी उपरीक्षक रेग्मीले भने, 'बिमलेश भुइँमा बजारिएपछि जुली बिहान तीन बजेर चार मिनेटमा खाली खुट्टा भाग्दै गरेको दृश्य समेत सीसीटीभीमा कैद भएको छ,' एसपी रेग्मीले लोकान्तरसँग भने, 'घर पुगेकी जुलीलाई महोत्तरीकै परौल भन्ने ठाउँबाट प्रहरीले ४ गते मध्यान्ह १२ बजेतिर नियन्त्रणमा लिन सफल भयो ।'

अनुसन्धानमा संलग्न प्रहरी अधिकारीका अनुसार बिमलेश सशस्त्र प्रहरीका भगौडा हुन् । उनी वैदेशिक रोजगारीमा केही वर्ष बसेर घर आएका थिए ।

'मृतकका परिवारसँग बुझ्ने काम भइरहेको छ', प्रहरी उपरीक्षक रेग्मीले भने, 'फोन संवाद हेर्दा कमलेश र जुलीबीच लामो समयदेखि नै सम्पर्क भएको देखिन्छ ।'

धनुषा प्रहरीले जुलीविरुद्ध कर्तव्य ज्यान मुद्दामा जिल्ला अदालत धनुषाबाट म्याद थप लिएर अनुसन्धान गरिरहेको छ ।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८